

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६    भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर दैनिक

The Worker Daily

Website : www.onlinemajdoor.com



**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २७ ★ ने. सं. ११४६ चिल्ला थ्व, द्वितीया ★ बिहीबार ★ ७ फागुन, २०८२ ★ February 19, 2026, Thursday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


## देशघाती नागरिकता ऐन र एमसीसी सम्झौताविरूद्ध नेमकिपाले सडकदेखि सदनसम्म सङ्घर्ष गर्ने




भक्तपुर, ६ फागुन । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर निर्वाचन परिचालन समितिको आयोजनामा बुधबार वडा नं. ७ गोल्मढीमा चुनावी जनसभा भयो ।

उक्त सभामा नेमकिपाका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का प्रत्यक्षतर्फका उम्मेदवार प्रेम सुवालले नेमकिपाका अग्रजहरूले २०१९ सालदेखि प्रतिक्रियावादी सङ्घ संस्थामा गएर देश र जनताको हितमा नि:स्वार्थरूपमा सेवा गर्ने उद्देश्य लिई निर्वाचनलाई उपयोग गर्दै आइरहेका हुन् भन्नुभयो ।

विकास निर्माणमा श्रमदान गर्ने भावना जगाई पार्टीले जनतालाई राजनीतिकरूपले सचेत र सङ्गठित गर्दै आएको छ । देश र जनताको नि:स्वार्थ सेवा गर्ने उद्देश्य लिई देश र जनताको पक्षमा ऐन कानुन बनाउन, भ्रष्टाचारी, कमिसनखोर, बलात्कारी र जघन्य अपराधीलाई मृत्युदण्ड दिने ऐन कानुन बनाउन सङ्घर्ष गर्ने ठाउँको रूपमा निर्वाचनलाई उपयोग गर्दै आइरहेको छ, उहाँले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "शासकहरूको अकर्मण्यता, राष्ट्रघाती सन्धि सम्झौता, देशको प्राकृतिक स्रोतसाधन विदेशीलाई सुम्पेको विरूद्ध देशघाती नागरिकता ऐन र एमसीसी सम्झौताविरूद्ध नेमकिपाले सडकदेखि सदनसम्म सङ्घर्ष गर्नेछ । देशमा भइरहेको भारतीय विस्तारवादविरुद्ध आवाज उठाउँदै सार्वभौमिकताको रक्षार्थ सङ्घर्ष गर्नेछ ।"

सचिव सुवालले भन्नुभयो, "देशका छोराछोरी विदेशमा पठाई बेचबिखन गराउने शासकहरू कहिल्यै जनताको शासक हुनेछैनन् । अमेरिकी साम्राज्यवादले संसारका विभिन्न देशमा उपद्रव मच्चाई आफ्नो अनुकूल कठपुतली सरकार गठन गराई त्यस देशको प्राकृतिक स्रोत र साधन कब्जा गर्ने काम निन्दनीय छ । साम्राज्यवादी देश अमेरिकाले भेनेजुयलामा गरेको आक्रमण र अपहरण राष्ट्रसङ्घको बडापत्रविपरीत छ । केही दिनअघि टुँडिखेलमा भएको अमेरिकी सेनाको परेड देशघाती कार्य हो । यसको विरूद्ध नेपाली जनता सचेत हुनुपर्छ । अमेरिकी साम्राज्यवादले क्युवामाथि नाकाबन्दी लगाउँदै छ । यो विश्वका न्यायप्रेमी जनताको पक्षमा थिएन । यसकारण, नेमकिपा संसद्मा उपस्थिति जरूरी छ ।"

पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विगतको किसान सङ्घर्षलाई आधार मानी स्थापना भएको नेमकिपाले बहुसङ्ख्यक कामदारवर्गलाई राजनीतिकरूपले सचेत र सङ्गठित गर्दै आइरहेको छ भन्नुभयो ।

नेमकिपाका अग्रजहरूले देश र जनताको नि:स्वार्थरूपले सेवा गरिरहेको विगतको इतिहासबाट सिकेर नयाँ पुस्ता पनि देश र जनताको हितमा लाग्नु आजको आवश्यकता हो, उहाँले भन्नुभयो । उहाँले भन्नुभयो, "जनताको एकताको शक्तिले मात्र देश विकास गर्न सकिन्छ । विगतको इतिहासलाई पुरानो भयो भनेर कोही हचुवाको भरमा लाग्छ भने तिनीहरूले पछि पछुताउनु पर्ने हुन्छ ।"

उहाँले भन्नुभयो, "शासक पार्टीहरू देश र जनताको हितभन्दा दलगत र व्यक्तिगत स्वार्थमा लागे । त्यही कारण भदौ २३-२४ को घटना भएको हो । त्यो घटनामा विदेशी घुसपैठ हुनुमा सरकारको अज्ञानता थियो ।"

नेमकिपा भक्तपुर नगरपालिका वडा नं. ७ निर्वाचन परिचालन समितिका संयोजक कृष्णगोविन्द खाइजुको सभापतित्वमा भएको उक्त सभामा नेमकिपा भक्तपुर नगर निर्वाचन परिचालन समितिका संयोजक लक्ष्मीभक्त लासिवा, नेक्राविसङ्घका सुजल दुवाल, आयोजक समितिका लक्ष्मीकेशरी तुइतुई र दीपक खिचाजुले पनि बोल्नुभएको थियो ।

## जनमुखी कानुन निर्माण गर्न नेमकिपाका उम्मेदवारहरू जरुरी




मध्यपुर, ६ फागुन । नेपाल मजदुर किसान पार्टी निर्वाचन परिचालन समिति भक्तपुर क्षेत्र नं. २ को आयोजनामा समितिका संयोजक वीरकृष्ण प्रजातिको सभापतित्वमा प्रतिनिधिसभा निर्वाचन २०८२ को चुनावी जनसभा बुधबार मध्यपुर थिमिस्थित दुई पोखरीमा भयो ।

नेमकिपाका तर्फबाट भक्तपुर क्षेत्र नं. २ का उम्मेदवार रमेश वैद्यलाई अत्यधिक बहुमतले निर्वाचित गराउन आयोजित उक्त सभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले जनताले आफ्नो मतमार्फत सत्य असत्य, न्याय अन्याय, सही गलत छुट्याई दण्डित र पुरस्कृत गर्ने बेला आएको बताउनुभयो ।

नेपालमै कृषि मल कारखाना खोल्न, एमसीसीको विरोध गर्न, जनमुखी कानुन निर्माण गर्न सदनमा नेमकिपाका उम्मेदवारहरू आवश्यक भएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले भदौ २३ र २४ को युवा-विद्यार्थीहरूको आन्दोलनको मागबमोजिम भ्रष्टाचारीहरूलाई फाँसीको सजाय दिलाउन नेमकिपाका उम्मेदवारलाई मतदान आग्रह गर्नुभयो ।

भक्तपुर क्षेत्र नं. २ का प्रत्यक्ष उम्मेदवार रमेश वैद्यले हाम्रो मत नेपाली जनताको सेवकलाई दिने वा विदेशी दलाल र भ्रष्टाचारीलाई दिने भन्ने विषयमा प्रस्ट पार्दै ख्वप विश्वविद्यालय विधेयक पारित गराउन, भ्रष्टाचारीलाई फाँसीको सजाय हुने कानुनी व्यवस्था गर्न, स्वदेशमै रोजगारी सिर्जना गर्न नेमकिपालाई मतदान गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समिति सदस्य सूर्य राम था, नेमकिपा भक्तपुर क्षेत्र नं. २ का समानुपातिक उम्मेदवार दीक्षा बाडेलगायतले बोल्नुभएको थियो ।

## "युवालाई विदेश जान बाध्य पार्नु देशद्रोही र बेइमानी हो"

ललितपुर, ६ फागुन । नेपाल मजदुर किसान पार्टी, ललितपुर जिल्ला निर्वाचन परिचालन समिति क्षेत्र नं. २ को कार्यालय उद्घाटन बुधबार सम्पन्न भयो ।




कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले कार्यालय उद्घाटन गर्दै २०८४ सालमा हुनुपर्ने संसद्को निर्वाचन समयभन्दा दुई वर्ष अगाडि गर्नुपर्ने स्थिति आउनुमा र भदौ २३ र २४ गतेको घटना घट्नुमा शासक पार्टीहरू मुख्यत: एमाले, नेपाली काङ्ग्रेस, नेकपा माओवादी नै जिम्मेवार भएको बताउनुभयो ।

"देशमा गरिबी, भ्रष्टाचार, कुशासन बढ्नुमा प्रजातन्त्र पुन:स्थापनापछि सरकारमा गएका पार्टीहरू नै मुख्य दोषी भएको हुँदा ती शासक पार्टीहरूलाई जिताउन नहुने बताउनुभयो ।

देश र जनताको नि:स्वार्थ सेवा गर्नेबाहेक नेमकिपाको कुनै स्वार्थ नभएको उल्लेख गर्दै केन्द्रीय सदस्य गोसाईले पार्टीले स्थापनाकालदेखि भ्रष्टाचार, अन्याय-अत्याचार र शोषणको विरुद्धमा सङ्घर्ष गरी जनतालाई राजनीतिकरूपमा सचेत गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "शासक पार्टीहरूको गलत नीतिकै कारण ८० लाखभन्दा बढी नेपाली विदेश जान बाध्य हुँदा देश युवाविहीन हुनुका साथै कृषियोग्य भूमि बाँझो भइरहेको छ । युवालाई विदेश जान बाध्य पार्नु देशद्रोही र बेइमानी हो । वैदेशिक रोजगारीले देश कहिल्यै समृद्ध हुनेछैन । युवालाई स्वदेशमै रोजगारी दिन घरेलु उद्योगलगायत कलकारखाना खोल्ने वातावरण सरकारले बनाउनुपर्छ ।"

"शासक पार्टीहरू भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको स्वार्थमा लागेकै कारण देश पराधीन


***बाँकी पृष्ठ २ मा***


## भारतीय एकाधिकार पुँजीले नेपाललाई माथि नउठाउने

काभ्रे, ६ फागुन । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा नेमकिपा मन्डनदेउपुर नगर समितिको आयोजनामा कार्यकर्ता भेटघाट कार्यक्रम बुधबार भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले देशको सार्वभौमिकता खतरामा परेको तथा राज्य कमजोर भएको अवस्थामा सम्पूर्ण नेपाली जनता एकजुट हुनुपर्ने धारणा राख्नुभयो । भारतको एकाधिकार पुँजीले नेपाललाई माथि उठ्न नदिएकोमा सबै सचेत हुनुपर्ने भन्दै उहाँले २०४६ सालपछिका सरकारले नवउदारवादी नीति लागू गर्दा मजदुर र किसानले दु:ख पाएको बताउनुभयो ।

खुला सीमा नियमन नगरेसम्म नेपाली जनताको हित नहुने उल्लेख गर्दै केन्द्रीय सदस्य गोसाईले भन्नुभयो, "पाठ्यक्रममा सुधार नगरेसम्म नेपालको शिक्षा र कृषि क्षेत्र सुधार हुँदैन ।"

आत्मनिर्भरता सिकाउने शिक्षाले मात्र देशको हित गर्ने धारणा राख्दै उहाँले सरकारले किसानको दु:ख नबुझिदिँदा




युवा बिदेसिन बाध्य भएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य कृष्णबहादुर तामाङले विकासभन्दा पनि सत्तासीन दलले जनतालाई ऋणको भारी बोकाएको बताउनुभयो ।

विद्यार्थीले राजनीति गर्नुहुन्न भनेर शासक दलले झूटको राजनीति गरेको उल्लेख गर्दै उहाँले जे गरे पनि भोट उनीहरूलाई नै दिनुपर्छ भन्ने सामन्तवादी सोच भएको भनाइ राख्नुभयो ।

जे पनि आफूले गरेको प्रचार गर्ने शासक दलहरूले भ्रष्टाचार, बेथिति, गुणस्तरहीन कामको ढाकछोप गर्ने गरेको केन्द्रीय सदस्य तामाङको तर्क थियो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य प्रकाश गुरूङले नयाँ भन्ने दलले देशघाती एमसीसी सम्झौताको विरोध नगरेको भन्दै स्वदेशमा रोजगारीको सुनिश्चितता गर्ने प्रतिबद्धता नजनाएको,


***बाँकी पृष्ठ २ मा***



फागुन २१ को निर्वाचनमा मादल चिह्नमा छाप लगाउन आह्वान गर्दै काठमाडौं क्षेत्र नं ९ अन्तर्गत नयाँ नैकाप र पुरानो नैकापमा घरदैलो गर्दै नेमकिपाका उम्मेदवार शान्त महर्जनलगायत कार्यकर्ताहरू बुधबार । *तस्बिर : मजदुर दैनिक*

# तारा मा.वि.मा ४६ औँ वार्षिक पुरस्कार वितरण

भक्तपुर, ६ फागुन । तारा माध्यमिक विद्यालय बोलाछेँ (तँचा) भनपा - ४ भक्तपुरको ४६ औँ वार्षिक पुरस्कार वितरण कार्यक्रम भनपा - ४ का वडाध्यक्ष एवम् तारा मा.वि. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्र सुवालको प्रमुख आतिथ्यमा बुधबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा अतिथि सुवालले राज्यले देशभरि एकै तौरतरिकाको शैक्षिक क्रियाकलापको व्यवस्था गर्नुपर्ने, गुणस्तयीय एवम् वैज्ञानिक शिक्षाको पक्षमा सबै लाग्नुपर्ने उल्लेख गर्दै शैक्षिक गन्तव्यका लागि भनपाले गरेका शैक्षिक क्रियाकलापको चर्चा गर्नुभयो ।

कार्यक्रममा विद्यालयका संस्थापक प्रअ एवम् विव्यस सदस्य पुष्पलाल सुजखूले शिक्षक र विद्यार्थीहरू निरन्तर सिकाइ कार्यमा लाग्नुपर्ने र समयानुकूल दक्ष, योग्य भएर सेवा भावमा लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

विव्यस सदस्य ज्ञानेन्द्र सुवालले स्थानीय फल्चा (पाटी) बाट शैक्षिक क्रियाकलाप सुरुआत गरेको यस विद्यालयले गुणस्तरीय शिक्षा प्रदानमा महत्त्वपूर्ण भूमिका खेलेको विचार व्यक्त गर्नुभयो ।

प्रधानाध्यापक प्रेमलक्ष्मी त्वायनाको सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले विद्यार्थी चरित्रवान् भएर अगाडि बढेमा जीवन सार्थक हुने विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा वार्षिक परीक्षा २०८१ मा नर्सरी तहदेखि कक्षा ९ सम्म प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने सफल विद्यार्थीलाई प्रमाण-पत्र र पुरस्कार वितरण गरियो ।

कार्यक्रममा शिक्षक श्याम ख्याजू, सिर्जना डाखुसी र विनोद कासुलाले आ-आफ्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा विद्यार्थीद्वय सञ्जन दंगाल र नम्रता भण्डारीले पनि बोल्नुभयो ।

# काठमाडौँ निर्वाचन क्षेत्र नं. ५ को परिचालन कार्यालय उद्घाटन

काठमाडौँ, ६ फागुन । नेपाल मजदुर किसान पार्टी निर्वाचन परिचालन समिति काठमाडौँ क्षेत्र नं. ५ को आयोजनामा टोखा न.पा. वडा नं. ३ ल्वफमा निर्वाचन परिचालन समितिको कार्यालय उद्घाटन सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सनकमान महर्जनले नेपाल मजदुर किसान पार्टीले क्रान्तिकारी संसद्वादलाई उपयोग गरेर प्रमुख प्रतिपक्षको भूमिका खेलेको उदाहरण पेस गर्दै फागुन २१ गतेको निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा लिएको बताउनुभयो ।

नेमकिपा देश जोगाउने सङ्घर्षमा लागिरहेको र जनताको अधिकत्तम सेवाको लागि समाजवादी प्रचार अभियानसँगै अगाडि बढिरहेको उल्लेख गर्दै उहाँले देशभरका जनताले अहिले पनि विचार नपुऱ्याउने हो भने देश थप अस्थितरतातर्फ जाने निश्चित भएको बताउनुभयो । उहाँले देशमा देशी विदेशी शक्ति केन्द्रहरू लागिपरेकोमा देशलाई सिक्किमीकरण गर्न सक्नेमा जनता सचेत हुनुपर्ने बताउनुभयो ।

अर्का केन्द्रीय सदस्य राजवीर डंगोलले नेपाल मजदुर किसान पार्टी जनतालाई झूटो आश्वासन बाँड्ने, लोभ प्रलोभन देखाउने पार्टी नभई जनतालाई इमानदार र असल बनाई देश विकासमा निःस्वार्थ सेवा गर्न सिकाउने देशभक्त पार्टी भएको बताउनुभयो । उहाँले नेपाल मजदुर किसान पार्टी काम गरी खाने किसान मजदुरवर्गको पार्टी भएकोले आगामी फागुन २१ गते हुने निर्वाचनमा आम जनताले कसैको बहकाउमा नलागी भ्रष्टाचारी, विदेशी दलाल पार्टीलाई सबक सिकाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले सोझा सीधा जनतालाई ३५ वर्षसम्म पटक-पटक झुक्याई चुनावमा मत लिई आफ्नो सत्ता र सरकार आलोपालो चलाएको तर जनताको समस्या कहिल्यै नहेरेकोले भदौ २३ र २४ गतेको विध्वंसपूर्ण आन्दोलन व्यहोर्नुपरेको र यसको जिम्मेवारी तिनीहरूले लिनुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी निर्वाचन परिचालन समिति क्षेत्र नं. ५ का संयोजक कृष्णमान श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टी क्षेत्र नं. ५ का उम्मेदवार शोभालाल श्रेष्ठ र नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिका सचिव शैलेश डंगोलले पनि बोल्नुभएको थियो । कार्यक्रमपश्चात् निर्वाचन क्षेत्र नं. ५ केन्द्रित घरदैलो कार्यक्रम भएको थियो ।

# काठमाडौँमा नेमकिपाको चुनावी प्रचार जारी

काठमाडौँ, ६ फागुन । नेपाल मजदुर किसान पार्टीले काठमाडौँको १० वटै निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा निर्वाचनको चुनावी प्रचार अभियान जारी राखेको छ ।

क्षेत्र नं. २ मा अनिल श्रेष्ठको नेतृत्वमा शङ्खरापुर साँखुमा, क्षेत्र नं. १ को कोटेश्वर बानेश्वरमा हरिशरण श्रेष्ठको नेतृत्वमा, क्षेत्र नं. ३ मा उम्मेदवार मदन श्रेष्ठको नेतृत्वमा, क्षेत्र नं. ४ मा रमेश डंगोलको नेतृत्वमा, क्षेत्र नं. ५ मा कृष्णमान श्रेष्ठको नेतृत्वमा टोखामा, क्षेत्र नं. ६ मा सनकमान महर्जनको नेतृत्वमा मनमैजुमा, क्षेत्र नं. ७ मा गणेशमाया डंगोलको नेतृत्वमा ठमेल, क्षेत्र नं. ८ मा उम्मेदवार बन्दना श्रेष्ठको नेतृत्वमा, क्षेत्र नं. ९ मा रवीन्द्र महर्जनको नेतृत्वमा नागर्जुन नपामा र क्षेत्र नं. १० मा हरिकुमार महर्जनको नेतृत्वमा कीर्तिपुरमा घरदैलोमा अपिल वितरण गर्दै चुनावी प्रचार कार्यक्रम भयो ।

# झापामा नेमकिपाका उम्मेदवारहरू जनतासँग भेटघाटमा



झापा, ६ फागुन । नेपाल मजदुर किसान पार्टीले बुधबार झापा क्षेत्र नं १, २, ३ र ४ का विभिन्न स्थानहरूमा चुनाव प्रचारप्रसार कार्यक्रमहरू गरेको छ ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य उकेश कवांले त्यहाँका स्थानीय जनतासँग प्रत्यक्ष भेटघाट गरी निर्वाचनमा कसैको दबाब र लहैलहैमा मत नराख्न, देश र जनताको निःस्वार्थ सेवा गर्ने पार्टी र इमानदारीपूर्वक काम गर्ने उम्मेदवारलाई मत दिन आग्रह गर्नुभयो ।

नेमकिपाले देश र जनताको हितमा गरिरहेको काम र सङ्घर्षबारे बताउँदै उहाँले नेमकिपा कहिल्यै पद र पैसाको पछाडि नलागेको यो स्वच्छ र सफा पार्टी भएको बताउनुभयो ।

कार्यक्रममा झापा क्षेत्र नं. १ का प्रत्यक्ष उम्मेदवार हिरण्यप्रसाद भट्टराईले मजदुर किसानको शासन व्यवस्था नआएसम्म किसान मजदुरले दुःख पाइरहने उल्लेख गर्दै मजदुर किसानकै उम्मेदवार र हितमा काम गर्ने उम्मेदवारलाई निर्वाचनमा जिताउनुपर्ने बताउनुभयो ।

उहाँले किसानको भावना नबुझ्ने पुँजीवादी पार्टीका नेताहरूलाई समयमै चिन्नुपर्ने र किसानको हितमा काम गर्ने नेमकिपालाई मत दिनुपर्ने बताउनुभयो ।

नेमकिपाका समानुपातिक उम्मेदवार भवानी महतले देशमा निःशुल्क शिक्षा र स्वास्थ्य, स्वदेशमै रोजगारीको व्यवस्था, शैक्षिक योग्यता, सीप र क्षमताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त बनाउनुपर्ने उल्लेख गर्दै समाजवादी व्यवस्थामा मात्र कामगरी खाने वर्गको हित हुने स्पष्ट पार्नुभयो ।


नेमकिपाका समानुपातिक उम्मेदवार मीनाकुमारी प्रधानले देशको स्वतन्त्रता, भूअखण्डता, सार्वभौमसत्ताको रक्षा गर्न सदा तत्पर रहेको पार्टी नेमकिपा भएको उल्लेख गर्दै उहाँले देश र जनताको हितमा निःस्वार्थ भावनाले काम गर्ने नेमकिपालाई मत दिनुपर्ने बताउनुभयो ।

# दार्चुलाको वडा नं. २ मा नेमकिपाको चुनावी प्रचार

दार्चुला, ६ फागुन । नेपाल मजदुर किसान पार्टीले दार्चुला जिल्लाको शैल्यशिखर नपा वडा नं. २ का पाथ्रायणी र रातिसैनीमा प्रतिनिधिसभा निर्वाचनको प्रचारप्रसारको सिलसिलामा घरदैलो कार्यक्रम भयो ।

घरदैलो कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् दार्चुलाका उम्मेदवार रमेशकुमार रावलले नेमकिपाले निर्वाचनलाई विश्वविद्यालयको कक्षाको रूपमा लिएको बताउनुभयो ।

निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर भएको स्पष्ट पार्दै उहाँले मतदाताहरुलाई सबै पार्टीको घोषणापत्र अध्ययन गरी मतदान गर्न आग्रह गर्नुभयो ।



समाजवादी राज्य व्यवस्था नआएसम्म कामदार जनताको हित नहुने उल्लेख गर्दै उहाँले निःशुल्क शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था समाजवादमा हुने बताउनुभयो ।

नेमकिपाका बलराम न्हिसुतुले कामदारवर्गको पक्षमा आवाज बुलन्द गर्ने नेमकिपाका उम्मेदवारहरूलाई मतदान गर्न अनुरोध गर्नुभयो । उहाँले राष्ट्रघातीलाई हराउन देशभक्त पार्टी नेमकिपालाई विजयी गराउन मतदान गर्नुपर्ने बताउनुभयो ।

***"युवालाई.....***

हुनुपरेको र कृषिप्रधान देश खाद्यान्नमा परनिर्भर हुनुपरेको हुँदा शासक पार्टीहरूलाई पराजित गरेर नेमकिपालाई जिताउन आग्रह गर्दछु," केन्द्रीय सदस्य गोसाईले भन्नुभयो ।

उहाँले भन्नुभयो, "अमेरिकी साम्राज्यवादले एमसीसीको नाउँमा भारतीय पुँजीको हित हुने गरी नेपालको जलस्रोतमा हात हाल्दै छ, नेपालमा अमेरिकी साम्राज्यवादको नीति र कानुन पालना गराइने एमसीसी सम्झौता र नेपालको सैनिक ब्यारेकमा अमेरिकी साम्राज्यवादको सेना आएर परेड खेल्ने एसपीपी साझेदारी पारित गरेको छ । यी देशघाती सम्झौता र साझेदारी खारेज गराउन नेमकिपाका निर्वाचित सांसदहरूले सदन र सडकमा सङ्घर्ष गर्नेछन् ।"

नेमकिपा ललितपुर जिल्ला निर्वाचन परिचालन समितिका संयोजक राजवीर डंगोलले नेपालमा रहेका अरु धेरै पार्टीहरूभन्दा नेमकिपा नितान्त फरक भएकोले नेमकिपाबारे जानकारी लिन मतदाताहरूलाई अनुरोध गर्नुभयो ।

नेमकिपाले शिक्षा, स्वास्थ्य निःशुल्क गर्न, रोजगारीको बन्दोबस्त गर्न सङ्घर्ष गर्दै आएको चर्चा गर्दै उहाँले नेमकिपाका जनप्रतिनिधिहरूले देश र जनताको पक्षमा सदन र सङ्घर्ष गर्नुको साथै सरकारको गलत कदमको विरोधमा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्नेछ भन्नुभयो ।

नेमकिपा ललितपुर क्षेत्र नं. २ का उम्मेदवार चिरिमाया महर्जनले पार्टीले स्थापनाकालदेखि नै किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा आन्दोलन र साम्राज्यवादविरोधी आन्दोलनको नेतृत्व गरिरहेको बताउनुभयो ।

"समाजवादी व्यवस्थाले मात्र कामदार जनताको हित गर्न सकिने भएकोले समाजवाद स्थापनाको लागि नेमकिपाले समाजवादी प्रचार अभियानलाई अघि बढाउँदै आएको छ," उहाँले भन्नुभयो ।

नेमकिपा ललितपुर जिल्ला समिति क्षेत्र नं. २ निर्वाचन परिचालन समितिका संयोजक महन्त महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा पार्टीको समानुपातिक उम्मेदवारहरू सुजिता महर्जन र महेन्द्र ब्रह्माचार्यले नेमकिपाका उम्मेदवारहरूलाई जिताउन अनुरोध गर्नुभयो ।

कार्यक्रममा नरेश महर्जनले नेमकिपाका प्रतिनिधिहरू जितेको भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइमा जोड दिई पारदर्शी ढङ्गले काम गरिरहेको हुँदा देशलाई विकास गर्न नेमकिपाका प्रतिनिधिहरूलाई निर्वाचित गर्नु जरुरी रहेको बताउनुभयो ।

***भारतीय...***

वर्गीय मुक्ति र नवउदारवादको विरोध नगरेको हुनाले तिनीहरू नयाँ नभएको बताउनुभयो । निजी सम्पत्तिको अन्त्य नभएसम्म भ्रष्टाचार नरोकिने हुँदा समाजवादी व्यवस्थाको निम्ति सङ्घर्ष गर्नुपर्नेमा गुरूङले जोड दिनुभयो ।

नेमकिपा काभ्रेका सचिव तथा काभ्रे क्षेत्र नं. २ का उम्मेदवार मुना तामाङले जनताको निःस्वार्थ सेवा गर्ने दलको उम्मेदवारलाई मतदान गर्न आग्रह गर्नुभयो ।

नेक्राविसङ्घ काभ्रेका अध्यक्ष तथा काभ्रे क्षेत्र नं. १ का उम्मेदवार राजु तामाङले निर्वाचन जनअदालत भएको हुँदा फागुन २१ गते देशभक्तहरूको सङ्गठन नेमकिपालाई मतदान गर्न आग्रह् गर्नुभयो ।

नेपाल प्राध्यापक समाजका रोशन मचामसीले भू-राजनीतिक हिसाबले नेपाल अति संवेदनशील स्थानमा भएको हुँदा विदेशीका दलाललाई मतदान नगर्न अनुरोध गर्नुभयो ।

भेलामा प्रेमकुमारी तामाङ, दिलमान तामाङ, इन्द्रबहादुर तामाङ, राजन भण्डारी, विभु किजुले पनि बोल्नुभएको थियो ।

सङ्क्षिप्त समाचार

## रासस कर्मचारी युनियन पुरस्कार भण्डारी र दङ्गाललाई

काठमाडौँ, ६ फागुन । राष्ट्रिय समाचार समिति (रासस) कर्मचारी युनियनले राससको ६५ औँ वार्षिकोत्वसका अवसरमा प्रशासन शाखामा कार्यरत सहायक प्रशासक मुना भण्डारी र सवारी चालक कुमार दङ्गाललाई पुरस्कृत गर्ने निर्णय गरेको छ । युनियनका अध्यक्ष कालिका खड्काको अध्यक्षतामा आज सम्पन्न बैठकले राससको सेवाग्राही शाखामा २०६६ सालदेखि कार्यरत भण्डारी र २०६४ सालदेखि सवारी चालकका रूपमा कार्यरत दङ्गाललाई रु. १० हजार राशिको पुरस्कार संयुक्त रूपमा दिने निर्णय गरेको हो ।

पुरस्कार सिफारिसका लागि सल्लाहकार प्रकाश सिलवालको संयोजकत्वमा अध्यक्ष खड्का र सल्लाहकार अभिलाषा पोखरेल सम्मिलित छनोट समिति गठन गरिएको थियो । राससको ६५ औँ वार्षिकोत्वस यही फागुन ७ गते विशेष समारोहबिच आयोजना हुँदैछ । ***(रासस)***

## भरूवा बन्दुकसहित दुई जना पक्राउ

दमौली (तनहुँ), ६ फागुन । तनहुँको देवघाट गाउँपालिका-४ बाट दुईथान भरूवा बन्दुकसहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा देवघाट-४ सार्वाङका ४० वर्षीय पूर्णबहादुर गुरूङ र २४ वर्षीय अर्जुन गुरूङ रहेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । इलाका प्रहरी कार्यालय साराङघाटबाट खटिएको प्रहरीको टोलीले उनीहरूलाई रिस्ती खोलाबाट पक्राउ गरी सार्वजनिक गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । ग्रामीण इलाकामा गस्ती गर्ने क्रममा निजहरूलाई बन्दुकसहित पक्राउ गरिएको उहाँले बताउनुभयो ।

निजहरूका साथबाट बारुदजस्तो देखिने कालोपदार्थ र फलामका टुक्रासमेत बरामद गरिएको छ । पक्राउ परेका दुवै जनाविरुद्ध मङ्गलबार जिल्ला अदालतबाट हातहतियार तथा खरखजानासम्बन्धी मुद्दामा सात दिन म्याद थप गरी अनुसन्धान थालिएको प्रहरीले जनाएको छ । ***(रासस)***

## विभिन्न देश पठाउने भन्दै झण्डै ४५ लाख ठगी गर्ने तीन जना पक्राउ

काठमाडौँ, ६ फागुन । प्रहरीले वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै रु. ४४ लाख ७० हजार ठगी गरेको अभियोगमा तीन जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-८ बस्ने २६ वर्षीया सरस्वती श्रेष्ठ, काठमाडौँ महानगरपालिका-३० बस्ने ३८ वर्षीय दीपेश श्रेष्ठ र खोटाङ केपिलासगढी गाउँपालिका-२ बस्ने ४८ वर्षीय मनिराज राई रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पक्राउ परेकामध्ये सरस्वती श्रेष्ठले जापान पठाउने भन्दै रु. २४ लाख, दीपेश श्रेष्ठले आइसल्याण्ड पठाउने भन्दै रु. १७ लाख तथा मनिराज राईले अल्बानिया पठाउने भन्दै रु. तीन लाख ७० हजार रकम लिई विदेश नपठाई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीका आधारमा पक्राउ गरिएको हो ।" पक्राउ परेका तीनै जनामाथि थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रवक्ता कार्कीले उल्लेख गर्नुभयो । ***(रासस)***

## लागूऔषध ओसारपसार: उनान्सय जनाविरुद्ध पैँसट्ठी मुद्दा दर्ता

काठमाडौँ, ६ फागुन । नेपाल प्रहरीले यहाँ गत माघ महिनामा लागुऔषध कारोबारका अभियोगमा ९९आरोपीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँका अनुसार गत माघ महिनामा काठमाडौँका विभिन्न क्षेत्रका गरिएको खोजी अभियानका क्रममा सात महिलासहित ९९ जनालाई लागुऔषधसहित पक्राउ गरिएको र उनीहरूविरुद्ध ६५ मुद्दा दर्ता भएको छ । परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले उनीरुबाट खैरो हेरोइनमात्रै ५५.१८ ग्राम बरामद भएको छ । यस्तै लागुऔषध ट्रमाडोल मात्रै २३ हजार ३०० ट्याबलेट र नाइट्राजेपाम दुई हजार ८१३ एम्पल बरामद गरिएको छ ।

गाँजा २ किलो, डाइजेपाम ९३ एम्पुल, फेनारगन ६२ एम्पुल, नुर्फिन १५१ एम्पुल, नाइट्राभेट १० एम्पुल बरामद गरिएको छ । यस्तै स्पामो १२६ क्याप्सुल पोल्याण्ड ६७८ ग्राम पनि बरामद गरिएको प्रहरीले जनाएको छ ।

काठमाडौँ प्रहरीका अनुसार गएको एक महिनाको अवधिमा आत्महत्याका ३६ घटना भएको छ । यसमा १९ देखि ३९ वर्षका २७ छन् । आत्महत्या गर्नेमा २४ पुरुष रहेका पनि प्रहरीले जनाएको छ ।

अनुचित लेनदेनतर्फ सात मुद्दा दर्ता भएको र दुई मुद्दा मिलापत्र भएको पनि प्रहरीले जानकारी दिएको छ । ती मुद्दाहहरूमा रु. आठ करोडभन्दा बढीको मागदाबी रहेको काठमाडौँ प्रहरीले जानकारी दिएको छ । ***(रासस)***

## अण्डाको मूल्य बढ्यो

चितवन, ६ फागुन । नेपाल लेयर्स सङ्घले आजदेखि लागू हुनेगरी अण्डाको मूल्य बढाएको छ । ठुलो अण्डा प्रतिक्रेट रु. ४२५ र मझौला रु. ३७५ तोकिएको छ । अण्डाको उत्पादन लागत बढेकाले मूल्य बढाइएको सङ्घले जनाएको छ । प्रतिगोटा अण्डाको लागत १९ रूपैयाँ १२ पैसा छ । ***(रासस)***

# बर्दियामा नेमकिपाको स्थापना दिवस




बर्दिया, ६ फागुन । नेपाल मजदुर किसान पार्टी बर्दिया जिल्ला समितिको आयोजनामा सोमबार नेमकिपाको ५२ औँ स्थापना दिवस तथा चुनावी तयारी भेला सम्पन्न भयो ।

भेलामा नेमकिपाका लुम्बिनी प्रदेश संयोजक हरिसुन्दर वासीले २०३१ माघ १० गते पार्टी स्थापना भएदेखि नै देश र जनताको निःस्वार्थ सेवा गर्दै आएको स्पष्ट पार्दै निर्वाचन पनि जनतालाई सचेत र सङ्गठित बनाउने राजनीतिक अभियान हो भन्नुभयो ।

राजनीतिक सचेतना र आलोचनात्मक चिन्तनको कमी भएका मतदाताहरूले पछि पश्चाताप गर्ने गरेको उल्लेख गर्दै संयोजक वासीले देश र जनताको हित सुनिश्चित गर्न नेमकिपाले सङ्घर्ष गरिरहेको छ भन्नुभयो ।

नेमकिपा बर्दियाका अध्यक्ष हरिलाल न्यौपानेले निर्वाचन पनि वर्गीय र राजनीतिक सङ्घर्ष हो भन्नुभयो ।

बर्दिया क्षेत्र नं १ बाट नेमकिपाका उम्मेदवार पवित्रा शाहीले जनताको बिचमा इमानदारीपूर्वक हुर्केका कार्यकर्ताहरू प्रहरी, प्रशासन र अदालत देखाएर तर्साउने शासक दलका नेता कार्यकर्ताहरूसँग नडराउने स्पष्ट पार्नुभयो ।

बर्दिया क्षेत्र नं २ बाट नेमकिपाका उम्मेदवार धर्मराज जैसी आचार्यले निर्वाचन प्रचारको लागि जनताको घर घर जाँदा नेमकिपाप्रति हार्दिकता र भरोसा व्यक्त गरेको अनुभव सुनाउनुभयो ।

# प्रविधिको दुरूपयोग नगर्न आयोगको आग्रह

काठमाडौँ, ६ फागुन । निर्वाचन आयोगले प्रविधिको दुरूपयोगले निर्वाचनको निष्पक्षतालाई नै असर पुऱ्याउन सक्ने जोखिम भएकाले यसतर्फ गम्भीर बन्न सम्बन्धित सबैको ध्यानाकर्षण गराएको छ ।

आयोगले सामाजिक सञ्जालमा गलत सूचना सम्प्रेषण नगर्न र नगराउन एवम् सहयोगी भूमिका निर्वाह गरिदिन पनि आम सञ्चारलगायतका सम्बन्धित पक्षसँग आग्रह गरेको छ ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई)को प्रयोग गरी सृजना गरिएका दिग्भ्रमित पार्ने सामग्री सामाजिक सञ्जालमा नराख्न र निर्वाचनलाई मर्यादित बनाउन आग्रह गर्नुभयो । उहाँले निर्वाचनको मत सर्वेक्षण गरी आएको नतिजा नतिजा सार्वजनिक गर्ने काम नगर्न समेत सञ्चार माध्यमहरूलाई आग्रह गर्नुभएको छ ।

उहाँले भन्नुभयो, "हालैका केही अभ्यासहरू, जसमा मतदान हुनुअघि नै मतदाताहरूको कुराकानीलाई आधार बनाएर हारजितको अनुमान गर्ने वा मत सर्वेक्षण गरी नतिजा सार्वजनिक गर्ने गरिएको छ । त्यसप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।"

निर्वाचन आचारसंहिता, २०८२ ले प्रस्ताव गरेको मतदातको स्वतन्त्र निर्णयलाई दिग्भ्रमित तुल्याउन सक्ने भएकाले नतिजा पहिला नै घोषणा गरिदिँदै उम्मेदवारहरूलाई हतोत्साही बनाउने र प्रतिस्पर्धाको वातावरणलाई खलल पुऱ्याउन काम नगर्न आयोगले अनुरोध गरेको छ ।

प्रविधिको तीव्र विकाससँगै एआईको प्रयोग गरी सृजना गरिएका दिग्भ्रमित पार्ने सामग्री सामाजिक सञ्जालमा सम्प्रेषण नगर्न र नगराउन सहयोगी भूमिका निर्वाह गरिदिन आयोगले विशेष आग्रह गर्दै आएको छ । प्रविधिले सूचना प्रवाहमा सहजता ल्याएपनि यसको दुरूपयोगले निर्वाचनको निष्पक्षतालाई नै धराशायी बनाउन सक्ने जोखिम भएकाले यसतर्फ गम्भीर बन्न आयोगले ध्यानाकर्षण गराएको छ ।

निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने कुरामा हरेकले आफ्नो जिम्मेवारी सम्झेर काम गर्नुपर्ने आयोगको धारणा छ । ***(रासस)***

# स्वीकृति नलिई भित्तेपात्रो छापे एक लाखसम्म जरिवाना

काठमाडौँ, ६ फागुन । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको स्वीकृत नलिई भित्तेपात्रे छापे रु. एक लाखसम्म जरिवाना हुने भएको छ ।

समितिले भित्तेपात्रो प्रकाशन गर्दा अनिवार्य रूपमा नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको अनुमति लिनुपर्ने व्यवस्था गरेको छ । समितिका कार्यकारी निर्देशक लक्ष्मण पन्थीले कानुनअनुसार समितिबाट स्वीकृति नलिई पात्रो तथा क्यालेण्डर प्रकाशन गर्न नपाइने बताउनुभयो । "समितिबाट स्वीकृत नलिई पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्न पाइँदैन, यदी कसैले स्वीकृत नलिई पात्रो तथा भित्तेपात्रो प्रकाशन गरे एक लाखसम्म जरिवाना हुन्छ", कार्यकारी निर्देशक पन्थीले भन्नुभयो ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको गठन आदेश २०७७ को दफा ७ (ञ) र (ढ) मा समितिबाट स्वीकृति लिएर मात्रै पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्न पाइने भन्ने व्यवस्था छ । उक्त समितिको दिग्दर्शनको परिच्छेद १५ मा स्वीकृत नलिई पात्रो तथा क्यालेण्डर प्रकाशन गरे रु. १० हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । कसैले स्वीकृत नलिई पात्रो वा क्यालेण्डर प्रकाशन गरेको विषयको अनुगमन गर्ने जिम्मेवारी जिल्ला प्रशासन कार्यालयलाई तोकिएको छ ।

कार्यकारी निर्देशक पन्थीले पात्रो र भित्तेपात्रो प्रकाशन गर्ने सबै संस्था, कम्पनी, निकाय वा व्यक्तिलाई अनिवार्य रूपमा स्वीकृति लिनुपर्ने बताउनुभयो । बेच्ने प्रयोजनको लागि प्रकाशन गरिएका र निःशुल्क वितरण गर्न लागिएका पात्रो वा भित्तेपात्रो प्रकाशनको लागि अनिवार्य रूपमा स्वीकृति लिनुपर्ने हुन्छ ।

समितिले भित्तेपात्रो प्रकाशनको स्वीकृतिका लागि शुल्क तय गरेको छ । समितिले शैक्षिक संस्थाले प्रकाशन गर्ने क्यालेण्डरको स्वीकृतिका लागि रु. दुई हजार रूपैयाँ, निःशुल्क वितरण गर्न प्रकाशन गरिने क्यालेण्डरको स्वीकृतिका लागि रु. पाँच हजार रूपैयाँ र मूल्य राखेर प्रकाशन गरिने क्यालेण्डर स्वीकृतिमा रु. १० हजार रूपैयाँ शुल्क लाग्ने व्यवस्था गरेको छ । ***(रासस)***

# उन्नाइस जना उम्मेदवारले लिए बैङ्कको खाता खोल्ने सिफारिस

चितवन, ६ फागुन । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि विभिन्न दल र स्वतन्त्र रूपमा उम्मेदवारी दर्ता गराएका उम्मेदवारमध्ये १९ जनाले बैङ्क कारोबारका लागि निर्वाचन कार्यालयबाट अनुमति लिएका छन् । जिल्लामा उम्मेदवार रहेका ६४ जनामध्ये उनीहरूले बैङ्किङ कारोबारका लागि अनुमति लिएका हुन् ।

जिल्ला निर्वाचन कार्यालय चितवनका सूचना अधिकारी नेत्रराज श्रेष्ठका अनुसार बैङ्किङ कारोवारका लागि सिफारिस लिनेमा १८ जना राजनैतिक दलका उम्मेदवार हुन् भने एक जना स्वतन्त्र उम्मेदवार रहेका छन् । उहाँका अनुसार यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि बैङ्किङ खाता अनिवार्य गरिएसँगै यसका बारेमा बुझ्न र सिफारिसका लागि आवश्यक प्रक्रियाबारे जानकारी लिन उम्मेदवार र उम्मेदवारका प्रतिनिधिहरू कार्यालय आउन थालेका हुन । उहाँले भन्नुभयो, "बैङ्किङ खाता खोल्ने विषयमा जानकारी लिन आउने क्रम बढ्दो छ ।"

नर्वाचन आयोगले राजनीतिक दल एवं उम्मेदवारबाट हुने निर्वाचन प्रचारप्रसारको लागि प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोगको रकम र त्यसको प्रचारप्रसारको लागि राजनीतिक दल एवं उम्मेदवारहरूले गर्ने खर्चलाई मितव्ययी, पारदर्शी बनाई निर्वाचनमा सुशासन कायम गर्न बैङ्किङ खाता खोल्नुपर्ने प्रावधान ल्याएको हो ।

यस्तै जिल्लामा रहेका ११ जना उम्मेदवारले आफ्नो घोषणापत्र आयोगमा बुझाएका छन् । श्रेष्ठका अनुसार तीन जना स्वतन्त्र उम्मेदवार र आठ जना राजनीतिक दलका उम्मेदवारले आफ्नो घोषणापत्र बुझाएका हुन् । आयोगले फागुन ३ गतेसम्म उम्मेदवारहरूले आफ्नो घोषणापत्र आयोगमा बुझाउन आग्रह गरेको थियो ।

यसैबिच प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यक सामग्रीहरू निर्वाचन कार्यालयमा आउन थालेका छन् । आयोगले जिल्ला निर्वाचन कार्यालयहरू सामग्री पठाउन सुरु गरेको हो । चितवनमा एक हजार २५० मतपेटिका आइपुगेको श्रेष्ठले जानकारी दिनुभयो । अब निरन्तर रूपमा निर्वाचनका सामग्री आउने उहाँले जानकारी दिनुभयो ।

जिल्लाका १६२ मतदानस्थल र ४९४ मतदान केन्द्र रहेका छन् । तीन निर्वाचन क्षेत्र रहेको यस जिल्लामा चार लाख ४२ हजार ८२ जना मतदाता छन् । यसमा दुई लाख १७ हजार ३१४ पुरुष र दुई लाख २४ हजार ७६६ महिला एवं दुई तेस्रो लिङ्गी छन् । ***(रासस)***

। सम्पादकीय ।

# विचारलाई बन्धक राखेर पैसासँग मोलतोल गर्नु गलत

निर्वाचनमा मतदान गर्नुअघि हरेक मतदाताले दिमागलाई ठण्डा पार्नुपर्छ या विचार गर्नुपर्छ । कसैको लहलहैमा, आवेश या आवेगमा विचारै नगरी मतदान गर्नुहुँदैन । मतदान गर्नुअघि कुन दलको सरकारको पालामा देशमा के कस्तो बेथिति भयो ? देश किन ऋणमा डुब्यो ? देश किन बढी भ्रष्टाचार हुने कालोसूचीमा पऱ्यो भन्नेबारे व्यापक जनताले बुझ्नुपर्छ । देशका नदीनाला कुन सरकारले विदेशीको अधीनमा दियो ? नेपाल-भारत सीमामा बाँध तथा तटबन्ध बनाएर नेपाली भूमिलाई डुबानमा पार्ने काम गरे पनि शासकहरू किन मौन रहे ? किसानहरूको मोहियानी हक कायम नगरिकन द्वैधस्वामित्व अन्त्य गर्ने र कमैया मुक्तको नाउँमा पुस्तौंदेखि जोत्दै गएको जग्गाबाट वञ्चित हुने काम कुन दलको सरकारले गऱ्यो र त्यसमा क-कसले समर्थन गरे ? त्यसबारे एक एक हिसाब किताब गरेर नेपाली जनताले मत हाल्नुपर्छ ।

१२ कक्षासम्म नि:शुल्क गर्नुपर्ने संवैधानिक व्यवस्था लागू गर्ने काम हालसम्मका कुनै पनि सरकारले गर्न सकेनन् । यसमा सरकारमा सामेल भइसकेका सबै दलहरू दोषी छन् । सरकारले ८ कक्षासम्मको अनिवार्य शिक्षा लागू गर्ने कुनै पनि अभियान सञ्चालन गरेन । घुस खाने र खुवाउने काम रोक्न सकेको छैन । आफू सरकारमा हुँदा बहुमत जनताको पक्षमा काम नगर्ने दलहरूले अबका दिनमा गर्लान् भन्ने विश्वास कसरी गर्ने ? सरकारमा गइसकेका दलहरूले संवैधानिक व्यवस्थाअनुसार काममात्र नगरेको होइन मिठा र आकर्षण आश्वासन बाँडेर जनता ढाँट्ने र छल्ने काम गरे । पानीजहाज ल्याएर सहज ढङ्गले सस्तोमा सामान ल्याउने, लाने, घर घरमा ग्यासको पाइप लाइन जोडेर जनतालाई राहत दिने, भ्रष्टाचार अन्त्य गर्ने, देशलाई समृद्ध र जनतालाई सुखी बनाउने शासकहरूको आश्वासन या प्रतिबद्धता कहाँ पुग्यो ?

निर्वाचनमा आफूलाई बहुमत पुऱ्याउन मतदान गर्न आग्रह गर्ने दलले मिचिएको नेपाली भूमि फर्काउन पहल गर्ला ? अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत बनाइएका बाँध तथा तटबन्ध भत्काएर डुबानको समस्या अन्त्य गर्ला ? नेपाली भूमि कालापानीमा रहेका भारतीय सेना फर्काउने कूटनीतिक प्रयास गर्ला ? लिपुलेक र लिम्पियाधुरामा नेपाली बसोबास गराउने, प्रशासनिक क्रियाकलाप गरेर त्यहाँ रहेका भारतीयहरूलाई फर्काउने काम गर्ला ? के ख्वप विश्वविद्यालय सञ्चालन गर्न नयाँ सरकारले स्वीकृति देला ? व्यक्तित्व विकास गर्ने समान अवसर देला ? विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्ला ? देशमै रासायनिक मल कारखाना शीघ्रातिशीघ्र खोल्ने प्रक्रियामा जाला ? देश र जनताका यी राष्ट्रिय सवालबारे ध्यान नदिने शासकहरू यो निर्वाचनमा फेरि लोलोपोतो गरेर के जनताको मत लिन छलको राजनीति गर्न आएका होइनन् ?

सोझा-सीधा जनता छल र झूटको राजनीतिमा फस्नु हुँदैन । पुराना दलहरू काम लागेनन् भनेर पुराना जतिलाई खराब दलको सूचीमा राख्नु दृष्टिदोष हो । जुन दल सरकारमा सामेल भएकै छैन, त्यस दललाई दोष दिएर नयाँ दलको नाउँमा फाइदा लिने कामबाट जनता सचेत हुनुपर्छ । हालसम्म सरकारको नेतृत्व गरेका र सरकारमा पुगेका कुनै दलले भ्रष्टाचार अन्त्य गर्न सकेनन्; ढिलासुस्ती हटाउन सकेनन् । देशको सन्तुलित विकास गर्नेतर्फ चासो नै राखेनन् । आफ्नो दलको नेतृत्वमा सरकारमा रहँदा सांसदहरूले आ-आफ्नो निर्वाचन क्षेत्रमा विकासको बजेट ल्याए, खन्याए; विकास देखाएर अकुत सम्पत्ति पनि कुम्ल्याए । सरकारले त सबै ठाउँमा विकासको योजना पुऱ्याएर स्थानीय जनतालाई रोजगारीको व्यवस्था गर्नुपर्छ । यसतर्फ शासकहरूको ध्यान खोइ ?

शासन गर्नुको अर्थ सिंहासनमा बस्नुमात्र होइन; हैकम चलाउनुमात्र होइन; देश र जनताको पक्षमा काम गरेर देखाउनु हो । हालसम्मका शासकहरूप्रति युवा-विद्यार्थीको आक्रोश पोख्नुको कारण पनि उनीहरू व्यक्तिगत र दलगत स्वार्थमा लिप्त हुनु हो । शासकहरूको गलत कार्य र कमजोरीको कारण अरू दललाई दोषी देख्नु गलत हो । एउटाले गरेको गल्ती र कमजोरी अरू दलमाथि थोपर्नु दृष्टिदोष हो । देशका यस्ता यावत कुरा बुझेर, विश्लेषण गरेर जनताले सही दल र दलका उम्मेदवारलाई मतदान गर्नुपर्छ । मतदान गर्न उत्साहित गर्नुपर्छ । प्रतिनिधिसभाको यो निर्वाचन विकासको पोको बाँड्ने निर्वाचन होइन । विकासको ध्वाङ फुकेर जनतामाझ झूटको राजनीति गर्ने होइन । सार्वजनिक संस्थान डुबाएर, घाटामा पुऱ्याएर निजीकरण गरेर विदेशीको हातमा दिने होइन । देश र जनताका आधारभूत आवश्यकता पूर्ति गर्न आवश्यकताअनुसार यथोचित स्थानमा उद्योग तथा कलकारखाना खोलेर आत्मनिर्भर बनाउनेतर्फ सरकार लाग्नुपर्ने हो ।

यसैले अहिले एकचोटि नयाँ दल या अर्को दललाई मतदान गरौँ भनेर विचार फेर्ने होइन, विचार फेरेर विदेशीहरूको पछि लाग्ने होइन; उनीहरूको पक्षपोषण गर्ने होइन । सच्चा उम्मेदवारलाई जिताउने र खराब उम्मेदवारलाई हराउने मौका यही हो । सिद्धान्त र विचार भुलेर अहिलेलाई त्यो र यो दल रोजौँ भनेर आफ्नो विचार फेर्नु उचित हुँदैन । लोभलालचमा फसेर आफ्नो विचार बन्धक राख्नु हुँदैन; आफ्नो विचार पैसासँग मोलतोल गर्नु हुँदैन । यो बेला जनता बिउँझिनुपर्छ; जनता चनाखो हुनुपर्छ ।

# निर्वाचन एक राजनीतिक विश्वविद्यालय

✍ सञ्जय

फागुन २१ गतेको प्रतिनिधिसभा सदस्यको निर्वाचन हुन अब केही दिन मात्र बाँकी छ । यतिबेला राजनीतिक दलहरू मतदातासँग मत माग्न हिमाल, पहाड र तराईको गाउँ, सहर, उकाली ओराली गर्दै कुना कन्दरामा पुग्दै छन् । निर्वाचन आयोगको आचारसंहिताअनुसार दलहरूले फागुन ४ गतेदेखि १८ गतेसम्म चुनावी बैठक र सभाहरू राख्दै छन् । यसमा नयाँ-पुराना, ठुला-साना, इमानदार - बेइमान, नैतिकवान्- अनैतिक, भ्रष्टाचारी - सदाचारी, शोषक - शोषित, अपराधी-निष्कलङ्कित, विदेशी दलाल - देशभक्त आदि चरित्रका दल र दलका उम्मेदवारहरू चुनावी मैदानमा उत्रँदै छन् । उनीहरू भोट माग्न घरदैलो, चुनावी बैठक र भेटघाटमा आउँदै छन् । हिजो यस्तै गाउँ, सहर पसेर चुनावमा जितेका प्रधानमन्त्री, मन्त्री, सांसदहरूले देशमा रातारात समृद्धि ल्याउने, आकाशको तारा झारिदिने जस्ता चटके भाषण दिएका थिए । उनीहरू गाउँ घुमे, किसानको, गरिब, दु:खीको घरमा गोहीको आँसु बहाउन बास बसे, खाना खाए । तर, जितेपछि नाक मुख देखाउन आएनन् । उनीहरू काठमाडौँमै घरजम गरेर बसे । चुनावको बेला जसरी खटेको थियो अरु बेलामा पनि गाउँ, देश बनाउन र संविधान बनाउन खट्नुपर्थ्यो । तर, त्यसो भएन । त्यसैले गाउँ बनेन, देश बनेन, मात्र उनीहरू बने ।

प्रतिनिधिसभाको निर्वाचन पनि एक राजनीतिक विश्वविद्यालय हो । अरु विश्वविद्यालयहरूमा केही सय, हजार प्राध्यापकहरूले केही हजार विद्यार्थीहरूलाई पढाउँछन् भने यो विश्वविद्यालयमा हजारौँ, लाखौँ नेता, कार्यकर्ता, उम्मेदवारहरूले करोडौँ जनतालाई देश र विश्वका राजनीति, इतिहास, अर्थशास्त्र, विज्ञान, भूगोल, नागरिक भावना, देशभक्तिका कुराहरू सिकाउँछन्, सचेत पार्छन् । लेनिनवादी नीतिअनुसार चुनावलाई उपयोग गरेर नेपाल मजदुर किसान पार्टीले हिजोका निर्वाचनमा जनतासँग भेटघाट, कक्षा, बैठक र सभा गर्दै आयो । तर, शासकहरूले जनतालाई सजग, सचेत र सङ्गठित गर्ने, त्यसअनुसारको संविधान बनाएर शिक्षित र दीक्षित पार्ने र देश बनाउने काम गरेनन् । उनीहरूले खालि जसरी पनि जितेर, जसरी पनि प्रधानमन्त्री, मन्त्री, सांसद बन्न प्रतिस्पर्धा गरे । यसैको परिणाम भदौ २३ र २४ गते विदेशीको ग्रायन्ड डिजाइन र उक्साहतमा देशको सम्पत्ति सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन, राष्ट्रपति भवन आदि ध्वस्त भयो । शासकहरू टुलुटुलु हेरेर बस्नुपर्यो । नेमकिपाले जस्तो निर्वाचनमा र अरु बेलामा राजनीतिक



कक्षा चलाएको भए, युवा, विद्यार्थी, मतदाता, जनतालाई शिक्षित, दीक्षित पार्ने काम गरेको भए त्यसरी देशको सम्पत्ति जल्ने थिएन ।

शासक दलका नेता, कार्यकर्ताहरू चुनावमा जितेर ३५ वर्ष पटक - पटक प्रधानमन्त्री, मन्त्री, सांसद भए । बैठक र जनसभामा चटकेले जस्तो उनीहरूले कायापलट गर्ने झूटा आश्वासन दिएका थिए । उनीहरूले वर्षौं जग्गा जोतिआएका भूमिहीन किसानलाई मोहीयानी हक कायम गरिदिने, जग्गाको मालिक बनाइदिने, सिँचाइ, मलको कारखाना खोलिदिने, पानीजहाज ल्याउने, ग्यासको पाइप घर घरमा ल्याइदिने चीनको केरुङबाट रेल रसुवा, नुवाकोट, काठमाडौँ हुँदै लुम्बिनी पुऱ्याउने, उद्योग, कारखाना खोल्ने, युवाहरूलाई देशमै रोजगारी दिने, कालापानी, लिम्पियाधुरा, सुस्तालगायतका मिचिएका नेपाली भूमि फिर्ता लिएरै छोड्ने, देशलाई आत्मनिर्भर बनाउने आदि झूटा आश्वासन दिँदै आए । तर, उनीहरूले काम गरेनन् ।

चुनावमा उनीहरूले घोषणापत्रमा एउटा तर काम अर्कै गरेका थिए । उनीहरूले घोषणापत्रलाई कागजको खोस्टा बनाए । उनीहरूले विदेशी धम्कीको अगाडि झुकेर देशघाती एमसीसी, महाकालीलगायतका सन्धि सम्झौता पास गरे । उनीहरू भ्रष्टाचारको फोहर पोखरीमा पौडी खेले, त्यसैमा चुर्लुम्म डुबे । उनीहरू भुटानी शरणार्थी, गिरिबन्धु चिया बगान, पतञ्जली जग्गा, बालुवाटार जग्गा, एनसेल, रातो पासपोर्ट, सुन, सहकारी ठगी आदि अपराधमा मुछे । उनीहरूले विदेशीसँग निर्वाचनको लागि सहयोग मागेको कुरा बाहिर आएकै हो । उनीहरू एनजीओ, आइएनजीओको नेता, कार्यकता भए । उनीहरूलाई देशको सूचना विदेशीलाई दिने आरोप पनि लागेकै हो । यसबारे मतदाताहरूले प्रश्न उठाउन आवश्यक छ ।

विगतको निर्वाचनमा काङ्ग्रेसले रुखमा होइन हँसिया, हठौडा चिह्नमा मतदान गऱ्यो । माओवादीले पनि रुख चिह्नमा मतदान गऱ्यो । एमालेले पनि त्यस्तै गऱ्यो । चुनावमा एउटा दलसँग विचार र सिद्धान्तविपरीत सहकार्य गर्ने अनि पदको लागि अर्कै दलसँग मिलेर अनैतिक सरकार गठन गरेको घिनलाग्दो, लाजमर्दो समाचार ठुला ठुला राष्ट्रिय दैनिक पत्रिकाको मुखपृष्ठमा बाहिर आएको थियो ।

मतदाता अर्थात् राजनीतिक विश्वविद्यालयका विद्यार्थीहरू पनि लोभी पापी हुनु भएन; व्यक्तिगत स्वार्थको लागि जे पनि गर्नु भएन । बरु, सबै सचेत, सङ्गठित भएर सङ्घर्ष गर्ने हो । प्यास लाग्यो भन्दैमा विष पिउनु भएन । कसैले सिट्टैमा दियो भन्दैमा हात थाप्नु हुँदैन । उम्मेदवारहरूले जाँड, रक्सी, भोज खुवाउलान्, पैसा, मासुको पोका आदि बाँड्लान् । उनीहरूको आफ्नो स्वार्थ कसैलाई बताउँदैनन् । उनीहरू भ्रष्टाचारी, डोजर मालिक, ठेकेदार, देशद्रोही, देशघाती, बलात्कारी, हत्यारा आदि हुनसक्छन् । भोलि उनीहरू लेण्डुप डोर्जे, दलाई लामा, जेलेन्सकीका विभीषण, ट्रोजन हर्स आदि हुनसक्छन् । देश सिध्याउने, विदेशीको हातमा सुम्पने देशद्रोही, भ्रष्टाचारी, अपराधीहरूले जिताउने कि देश बनाउने, जोगाउने, देशभक्त उम्मेदवारहरूलाई जिताएर स्वाभिमानपूर्वक बाँच्ने हो । त्यो हामी मतदाताहरूको हातमा छ ।

मतदाताले शासक दलका उम्मेदवारहरूलाई देशलाई आफ्नै खुट्टामा उभ्याउने, ट्रलिबस सेवा, साझा यातायात सेवा, भृकुटी कागज कारखाना, गोरखकाली टायर कारखाना, बाँसबारी छाला जुत्ता कारखाना, हेटौँडा कपडा कारखाना, बुटवल, धागो कारखानालगायतका कारखानाहरूको बेहाल हेर्न आउनु भन्नु आवश्यक छ । त्यस्तै उनीहरूलाई सुस्ता, कालापानीलगायत मिचिएको नेपाली भूमिमा, अन्तर्राष्ट्रिय नियमविपरीत बाँध तथा तटबन्ध बनाएको कारण बर्सेनि डुबानमा पर्ने तराईका फाँटमा गएर त्यहाँका किसानसँग, सिमानाका पीडित जनतासँग माफी मागेर त्यसलाई फिर्ता ल्याउने, प्रण भत्काउने बाचा गराउनु आवश्यक छ ।

कुनै दलका नेता, उम्मेदवारहरूले चुनावबाटै समाजवाद आउँछ भन्नु जनतालाई धोका दिनु हो । चुनावबाट समाजवाद आउँदैन । यदि चुनावबाट समाजवाद आउने भए बेलायत अमेरिकामा उहीँ बेला समाजवाद आइसकेको हुन्थ्यो । त्यस्तै नेपालमा समाजवाद आइसक्यो । अमेरिका र युरोपलगायतका देशहरूमा समाजवाद त आयो । तर, त्यो वैज्ञानिक समाजवाद नभइकन पुँजीवादी समाजवाद हो । यसले पुँजीवादी, साम्राज्यवादी, उपनिवेशवादीहरूको हित गर्छ । तर, बहुसङ्ख्यक गरिबवर्गको हित गर्दैन, सेवा गर्दैन । चुनावबाट समाजवाद आउँदैन भन्ने कुरा चिल्लीको घटनाले देखाइसकेको छ । बहुसङ्ख्यक गरिबवर्गको सेवा गर्ने, हित गर्ने वैज्ञानिक समाजवाद त्यसै आउँदैन । त्यो त सही विचार, सक्षम र देशभक्त नेताको नेतृत्वमा सचेत, सङ्गठित जनताले सशस्त्र सङ्घर्ष गरेर ल्याउने हो । चीन, उत्तर कोरिया, क्युवा, भियतनाम आदिको जनताको बलिदानीपूर्ण सङ्घर्षले देशमा समाजवाद ल्याएको इतिहासले देखाउँछ । यसरी यो निर्वाचनमा देश र विदेशको संविधान, शोषण, विदेशी हस्तक्षेप, देशको शत्रु, भ्रष्टाचार, नागरिक भावना आदिबारे जनता दीक्षित हुने अवसर पाउनेछन् । उनीहरूले यसलाई देश निर्माणको लागि नैतिकता इमानदारीता, त्यागी र देशभक्त नेता, जनता तयार गर्ने राजनीतिक विश्वविद्यालय बनाउनु आवश्यक छ । यसमा मतदाता र जनताले पनि साथ र सहयोग दिनु आवश्यक छ ।

# प्रश्नको शक्ति

✍ इकुश्रे

मानिसलाई सृष्टिको सर्वश्रेष्ठ प्राणी भनिन्छ । तर, त्यो श्रेष्ठता बाह्य रूप, साधन-सुविधा वा प्रविधिका कारण होइन । त्यो श्रेष्ठता उसको सोच्ने, जिज्ञासा राख्ने र प्रश्न गर्ने क्षमताका कारण हो । वास्तवमा प्रश्न गर्ने क्षमता नै चेतनशील मानवताको पहिचान हो । प्रश्नविहीन मन भनेको एउटा मैलो कुवाजस्तै हो जहाँको पानी स्थिर हुन्छ । प्रश्न उठाउने मन भने बगिरहेको खोलाजस्तो हो - जो आफ्नो बाटो आफैँ बनाउँदै अघि बढ्छ । त्यसरी नै बग्दै गएर विशाल समुद्ररूपी ज्ञान भेट्टाएर 'ज्ञानगम्भीर' बन्छ ।

जिज्ञासा नै प्रश्नको बीउ हो । जिज्ञासुले मात्र प्रश्न गर्नसक्छ र प्रश्न गर्नेले मात्र उत्तर पाउन सक्छ । जसले गहिरो, मार्मिक र असल प्रश्न गर्नसक्छ वा त्यस्तो प्रश्न गर्नसक्ने क्षमता राख्छ, उसैले प्रभावकारी उत्तर पाउँछ । त्यो उत्तर, प्रश्नकर्ताको जिज्ञासा समाधान मात्र नभएर दुनियाँको प्रतिनिधि जिज्ञासा समाधान पनि हुनसक्छ । त्यसो भए त्यो दुनियाँका लागि उपयोगी हुन पनि सक्छ ।

विद्यालयको कक्षाकोठामा पनि यही सत्य लागू हुन्छ । जो विद्यार्थी आफूलाई स्पष्ट नभएको कुरा हात उठाएर प्रश्न सोध्छ, ऊ अन्य विद्यार्थीभन्दा बढी बुझ्छ । जो चुप लागेर बस्छ, ऊ अन्योलमा रहन सक्छ । प्रश्न गर्ने विद्यार्थीले मात्र आफ्नो क्षमता बढाउन सक्छ, किनकि प्रश्नले सोच्न बाध्य पार्छ । प्रश्न गर्न नचाहनेका मनभित्र जिज्ञासाको बीउ मर्न सक्छ । उत्तर त बाहिरबाट पाइन्छ, तर प्रश्न भित्रबाट जन्मिन्छ । त्यसैले प्रश्न गर्ने विद्यार्थी केवल पाठ्यपुस्तकको ज्ञान होइन, जीवनको पाठ सिक्ने यात्रामा पनि अग्रसर हुन्छ । हाम्रो शिक्षा प्रणालीले अक्सर उत्तर कण्ठ गर्नेलाई पुरस्कृत गर्छ तर वास्तवमा समाजलाई त्यस्ता मस्तिष्कको खाँचो छ जसले स्थापित मान्यतामाथि प्रश्न उठाउन सकोस् ।

हाम्रो प्राचीन परम्परालाई हेर्दा पनि ज्ञानको मूल आधार प्रश्न नै देखिन्छ । उपनिषद्कालीन गुरुकुलमा शिष्यले गुरु समक्ष प्रश्न राख्थे । नचिकेता जस्ता सानो उमेरका पात्रले यमसँग मृत्यु र आत्माको रहस्य सोधे । उनले संसारका सबै भौतिक सुखलाई त्यागेर केवल 'सत्य' जान्न चाहे । याज्ञवल्क्यजस्ता ऋषिहरूले संवादमार्फत गहिरा सत्य उद्घाटन गरे । पूर्वीय दर्शनमा 'पूर्वपक्ष' र 'उत्तरपक्ष' को ठुलो महत्त्व छ, जहाँ पहिले विरोधीको विचार सुनिन्छ र त्यसपछि तर्कपूर्ण प्रश्नद्वारा सत्यको खोजी गरिन्छ । त्यसैगरी, पश्चिममा पनि सोक्रेटसले प्रश्न-उत्तरको पद्धतिलाई दर्शनको मूल विधि बनाए । उनले प्रत्यक्ष उत्तर दिनुभन्दा उल्टै प्रश्न गरेर मानिसलाई आफ्नै सोचको कमजोरी देख्न र सत्यको नजिक पुग्न सिकाए । यसैलाई 'सोक्रेटिक मेथड' भनिन्छ, जसले आज पनि आधुनिक कानुन र शिक्षामा मार्गदर्शन गरिरहेको छ ।

वैज्ञानिक क्षेत्र पनि प्रश्नकै देन हो । "किन स्याउ तल झर्छ ?" यही साधारण प्रश्नले आइज्याक न्युटनलाई गुरुत्वाकर्षणको सिद्धान्ततर्फ डोऱ्यायो । अल्बर्ट आइन्स्टाइनले सोधे - "यदि म प्रकाशको किरणमा चढेर दौडिएँ भने के होला ?" यो काल्पनिक प्रश्नले भौतिक विज्ञानको स्वरूप नै बदलिदियो । 'किन ?' र 'कसरी ?' भन्ने दुईवटा प्रश्नले विज्ञानका असङ्ख्य ढोका खोलेका छन् ।

बाँकी पृष्ठ ७ मा

# समाजवादको विचारधारात्मक आधारका केही समस्याहरूको सम्बन्धमा – ३

किम जोङ इल

महान् नेताद्वारा प्रतिपादित नेतृत्व विधि सम्बन्धमा जुछेमुखी सिद्धान्तको फलस्वरूप काम गर्ने विधि र तरिकामा नेतृत्वको सिद्धान्तलाई व्यवस्थित गरेर क्रान्ति र निर्माणको अगुवाइमा देखापरेका सबैखाले समस्याहरूको पूर्णरूपले विसद् व्याख्या भयो। मुख्य रूपले सार्थकताको तथ्य के हो भने समाजवाद र साम्यवाद निर्माणको नेतृत्व विधिलाई नयाँ प्रकाश र विस्तृत रूपमा व्यवस्थित पारियो। कोरियाली क्रान्तिको गोरेटोलाई उजिल्याउने र यसलाई विजयसम्म दोहोऱ्याउने सिलसिलामा महान् नेताले नेतृत्व र क्रान्तिकारी कार्य विधिको सिद्धान्तको रचना गर्नुभयो। यसले समाजवाद र साम्यवादको आजुको विजय प्राप्त गर्ने एउटा शक्तिशाली हतियारको रूपमा काम गर्यो। यसरी हाम्रो पार्टीले नेता, पार्टी र जन-समुदायबिचको एकमनको एकता प्राप्त गर्नसक्यो र समाजवाद र साम्यवादको आजुलाई सशक्त ढङ्गले अघि बढायो।

महान् नेताद्वारा प्रतिपादित जुछे विचारधारा, सिद्धान्त र विधिले हाम्रो युगको समाजवाद र साम्यवाद निर्माणको सबैभन्दा सही निर्देशक विचारधारा, निर्देशक सिद्धान्त र निर्देशक विधि भएको छ।

जुछे विचारधारा, सिद्धान्त र विधि भनेको महान् नेताको प्रतिभाशाली बुद्धिमत्ता र उहाँले प्राप्त गर्नुभएको उच्च कोटीको श्रेष्ठतम् र विस्तृत अगाध अनुभवहरूको सार-सङ्ग्रह हो। जो पायो त्यसले प्रतिपादन गर्ने गरेको कुनै एउटा नयाँ विचारधारा र सिद्धान्त केही पनि होइन किनभने परिवर्तित समय र वास्तविकताले ती कुराहरू मागेका हुँदैनन्। उच्च कोटीको बुद्धि-विवेक भएको मजदुरवर्गको नेताले मात्र नयाँ विचारधारा र सिद्धान्तको रचना गर्नसक्छन्। यस्तो व्यक्तिले मात्र क्रान्तिकारी आन्दोलनमा प्राप्त अनुभवहरूलाई सामान्यीकरण गरेर नयाँ विचारधारा, सिद्धान्त र विधिलाई अघि बढाउन सक्छन्। यस्तो व्यक्तिले मात्र गहिरो अन्तरदृष्टिबाट समयको आवश्यकता, जनचाहनाअनुरूपको विचारधारा, सिद्धान्त र विधिको प्रतिपादन गर्नसक्छन्। त्यसलाई वास्तविकतामा उपयोग गर्ने क्रममा निरन्तर रूपले अझ समृद्ध पार्नलाई पूर्णता प्राप्त गर्न सक्षम हुन्छन्। महान् नेताले आफ्ना सुरुका दिनहरूमा यसै विचारधारालाई उपयोग गरेर क्रान्ति र निर्माणको सबै क्षेत्रमा स्वाधीनताको युगको माग र जनसमुदायको स्वाधीनताको चाहनालाई आत्मसात गर्दै अमर जुछे विचारधाराको रचना गर्नुभयो र समृद्ध व्यावहारिक अनुभवहरू र बहुमूल्य उपलब्धिहरूको सञ्चय गर्नुभयो। सबै किसिमका सामाजिक क्रान्ति र निर्माणको बुद्धिमत्तापूर्ण नेतृत्वको क्रममा ६० वर्ष पूरा गर्नुभएका महान् नेताले सबैभन्दा उत्कृष्ट र समृद्धशाली व्यावहारिक अनुभव र उपलब्धि प्राप्त गर्नुभयो र त्यसलाई सामान्यीकरण गर्नुभई जुछे विचारधारा, सिद्धान्त र विधिलाई विस्तृत रूपले पूर्णता दिनुभयो।

हाम्रो समयको वास्तविक स्थितिले यसैको आधारमा नै समाजवादी आजुलाई ज्वाज्वल्यमान विजयसम्म दोहोऱ्याउन सक्ने तथ्यलाई प्रमाणित गरेको छ। यस सत्यता र जीवन्तताको निम्ति जुछे विचारधारा, सिद्धान्त र विधिलाई हाम्रो समयको क्रान्ति र निर्माणको सबैभन्दा सही निर्देशक विचारधारा, निर्देशक सिद्धान्त र निर्देशक विधिको रूपमा मान्यता दिइएका छन् र जुछे विचारधाराको अध्ययन अपरिहार्य प्रवाह भइसकेको छ।

मार्क्सवाद-लेनिनवाद अघिल्लो चरणको मजदुरवर्गको एउटा क्रान्तिकारी सिद्धान्त हो। त्यसो भएर ऐतिहासिक सीमिततालाई उपेक्षा गरेर कोही पनि मार्क्सवाद-लेनिनवादमा टाँस्सिएर क्रान्ति र निर्माणमा सफल हुनसक्दैन। अहिले सबैलाई के कुरो प्रस्ट भइसकेको छ भने एक शताब्दीअघि गरिएको भविष्यवाणी र अनुमानको आधारमा अघि बढाइएको सिद्धान्तलाई पछ्याएर कसैले पनि ठीक ढङ्गले समाजवादको निर्माण गर्नसक्दैन।

मार्क्सवाद-लेनिनवादमा विद्यमान सीमाहरूको आधारमा मजदुरवर्गको मार्क्सवाद-लेनिनवादका सिद्धान्तहरूलाई हामीले अस्वीकार गर्नुहुँदैन। अन्ततोगत्वा, त्यसबेलाको अवधिमा देखापरेका परिस्थिति र ऐतिहासिक कार्यभार नै भविष्यमा लामो अवधिसम्म रहने मार्क्सवाद-लेनिनवादका सीमाहरू हुन्। हामीले मार्क्सवाद-लेनिनवादको सीमितताबाट पार पाउनैपर्छ। तर, यसमा निहित मजदुर वर्गीय सिद्धान्तलाई परित्याग गर्नुहुँदैन। मजदुर वर्गीय क्रान्तिकारी सिद्धान्तमा अटल रहनु नै जन-समुदायको स्वाधीनता प्राप्तिको लागि क्रान्तिकारी आजुको मूलभूत आवश्यकता हो। यदि समाजवादको निर्माणमा लागेका पार्टीहरूले मार्क्सवाद-लेनिनवादको क्रान्तिकारी सिद्धान्तलाई सही ढङ्गले कायमै राख्छन् भने मार्क्सवाद-लेनिनवादमा सीमितताहरू रहे तापनि र समाजवाद निर्माणका विशिष्ट उपायहरू सुस्पष्ट गर्न असफल भए तापनि ती पार्टीहरूले वर्ग चरित्रको ह्रासलाई रोक्न सक्छन्।

आज साम्राज्यवादी र प्रतिक्रियावादीहरूले 'समाजवादको सङ्कट' को होहल्ला मच्चाउँदै गर्नुको अर्थ 'मार्क्सवाद-लेनिनवाद' समाप्त भएको भनी दावा गर्नु हो। मार्क्सवाद-लेनिनवादका रचनाकारहरूविरुद्ध तिनीहरूको गाली-गलौज त समाजवादको आदर्श सुरुदेखि नै आफैमा गलत र समाजवादी क्रान्तिको परिचालनको शुभारम्भ नै गल्ती भएको भन्ने प्रतिक्रियावादी कुतर्क अघि सार्ने ध्येय हो।

आधुनिक संशोधनवादीहरूले पनि विगतमा समाजवादी निर्माणमा 'गल्ती भएको' भन्ने हो-हल्ला गर्दै छन् र उहाँहरूको विचारधारामा नै गल्ती भएको कुरालाई लिएर मार्क्सवाद-लेनिनवादका संस्थापकहरूलाई निन्दा गर्दै छन्। मूलत: मजदुरवर्गका नेताहरूका आधिकारिकता र सार्थकतामाथिको गाली-गलौजले त संशोधनवादीहरूको प्रतिक्रियावादी स्वरूपको सारलाई देखाउँछ। आधुनिक संशोधनवादीहरूले मार्क्सवाद-लेनिनवाद र यसका संस्थापकहरूलाई मजदुरवर्गका ती नै नेताहरूद्वारा निर्देशित समाजवादी आजुमा जनताको विश्वासलाई जनताको मन-मस्तिष्कबाट हटाउने र समाजवादलाई पुँजीवादमा फर्काउने प्रतिक्रान्तिकारी योजनालाई सिद्ध गर्ने उद्देश्य लिई मार्क्सवाद-लेनिनवाद र यसका संस्थापकहरूलाई निन्दा गर्दै छन्।

केही देशहरूमा समाजवादी निर्माणमा देखिएका गल्तीहरूको दोषीका भागिदारहरू मार्क्सवाद-लेनिनवाद र संस्थापकहरू नभइकन जडसूत्रवाद र संशोधनवादलाई पछ्याउने पार्टीहरू हुन्।

विगतमा मार्क्सवाद-लेनिनवादबाट निर्देशित भएर समाजवाद निर्माणमा लागेकाहरूले परिवर्तित ऐतिहासिक परिस्थितिसँग मेलखाने गरी नयाँ सिद्धान्त अघि बढाउन सकेनन् किनभने तिनीहरूले मार्क्सवाद-लेनिनवादलाई जडसूत्रवादी ढङ्गले लागू गरे। मजदुरवर्गको क्रान्तिकारी सिद्धान्तको जडसूत्रवादी प्रयोग भनेको मार्क्सवाद-लेनिनवादको अवमूल्यन हो। मार्क्सवाद-लेनिनवादप्रतिको जडसूत्रवादी धारणाले अघिबाटै मार्क्सवाद-लेनिनवादका सीमाहरू देखाइदियो र समाजवादबाट हुने लाभहरूको पूर्ण रूपले सदुपयोगको स्थितिलाई असम्भव बनाइदियो। खासमा, आधुनिक संशोधनवादले मजदुरवर्गको क्रान्तिकारी सिद्धान्तलाई परित्याग गर्यो र समाजवादी निर्माणमा गम्भीर धक्का पुऱ्यायो। केही देशहरूमा संशोधनवादी नीतिको कारणले ठीक ढङ्गले पार्टीको विकास भएन र नेतृत्वको भूमिका पङ्गु बनाइयो, समाजमा अनुशासन र अमन-चैनको अभाव खट्कियो र वर्ग शत्रुहरूले धमिलो पानीमा माछा मारेर पुँजीवादी उदारवादको प्रभावबाट विचारधारात्मक रूपले समाजलाई ओरालो लगायो।



केही देशहरूमा जडसूत्रवाद र संशोधनवादको प्रभावमा परेपछि समाजवादले आफ्नो सार्थकता पूर्ण रूपले प्रदर्शन गर्न नसकेको थियो। विस्तारै विस्तारै समाजवादमा ह्रास आयो र समाजवादी निर्माणमा विभिन्न बिघ्न बाधाहरू आइपर्यो। यहीँ मौकाको फाइदा उठाएर साम्राज्यवादी र प्रतिक्रियावादीहरूले समाजवादको विरुद्ध निर्लज्ज षड्यन्त्रको दुष्प्रयास गरे र तिनीहरूकै उक्साइ र समर्थनमा आधुनिक संशोधनवादीहरूले 'सामाजिक प्रजातन्त्र' को दृढतापूर्वक माग गर्दै खुलमखुला पुँजीवादलाई फर्काउने नीति तय गरे।

धेरै वर्ष पहिले दक्षिणपन्थी धारको विचारधाराको रूपमा 'सामाजिक प्रजातन्त्र' देखापरेको थियो। सामाजिक प्रजातन्त्रलगायत सबैखाले अवसरवादी विचारधाराहरू उहिल्यै साम्राज्यवादी र प्रतिक्रियावादीहरूले कम्युनिस्ट आन्दोलन र मजदुरवर्गको आन्दोलनलाई भित्रभित्रै समाप्त पार्ने विचारको प्रतिक्रियावादी धारहरू हुन्। साम्राज्यवादी र प्रतिक्रियावादीहरूले खुलेआम मार्क्सवादको निन्दा, बदनाम गर्ने र मजदुरवर्गको आन्दोलनलाई निर्ममतापूर्वक दबाए। त्यसबेला नै मार्क्सवादको क्रान्तिकारी सारलाई बेकम्मा पार्ने उद्देश्यले मजदुरवर्गको आन्दोलनका उच्च पदाधिकारीहरू, क्रान्तिका भगुवा र विश्वासघातीहरूलाई घूस ख्वाउँथे र छेड्की हान्थे। परिणामस्वरूप साम्राज्यवादी र पुँजीवादीहरूको चाहनाअनुरूप मार्क्सवादलाई विस्तृत रूपले पुन: संशोधन गर्न र मार्क्सवादको सारलाई भुत्ते पार्ने संशोधनवाद देखापर्यो। संशोधनवादी विचारधाराको विभिन्न धार रहेको छ। तर, यसको मुख्य विचारधारात्मक प्रारम्भ विन्दु के भने चुनाव अभियान र संसदीय गतिविधिलाई प्राथमिकता दिएर मजदुरवर्ग र पुँजीपतिवर्गबिचको अन्तरविरोध र सङ्घर्षलाई स्वीकार नगर्नु, वर्ग-समन्वयको वकालत गर्नु, समाजवादी क्रान्ति र सर्वहारा अधिनायकत्वलाई अस्वीकार गर्नु हो। संशोधनवादले मजदुर वर्गीय पार्टीको वर्ग चरित्रलाई बेकम्मा पार्ने, मजदुर वर्गीय पार्टीलाई सुधारवादी पार्टीमा फेर्ने, वाद-विवाद मात्र गर्ने शक्तिहीन क्लवमा फेर्ने, साम्राज्यवादको प्रशंसा र साम्राज्यवादविरोधी जनताको क्रान्तिकारी सङ्घर्षको विरोध गर्न लगाउने पनि प्रयत्न गर्छ। दक्षिणपन्थी अवसरवादको विचारधारात्मक धारको रूपमा रहेको 'संशोधनवाद' लाई कम्युनिस्टहरूको सङ्घर्षले विफल पारिदियो। यद्यपि विभिन्न नाममा संशोधनवादी धार फेरि देखापरेको छ। त्यसमा सामाजिक प्रजातन्त्र पनि एउटा हो। यसले तथाकथित 'तेस्रो बाटो' को वकालत गर्छ।

यसअनुसार, यसले 'राज्य नियन्त्रणवाद' र 'कल्याणकारिता' को सङ्केत पाटी झुण्ड्याएर 'पुँजीवादी अर्थव्यवस्थाको प्रभावकारिता' सँगै 'समाजवादी सार्वजनिक नीति' लाई संयोजन गरेर 'वृद्धि र कल्याणको उच्च दर' को लक्ष्य राख्छ। यो सबै क्रान्तिकारी सामाजिक प्रजातन्त्रको विरोध गर्ने उद्देश्यले क्रान्तिभित्र लुकेका विश्वासघातीहरूले स्वीकार गरेको विचारधारात्मक धार त पुँजीवादी सिद्धान्तविरुद्ध पहिलेका मजदुरवर्गको क्रान्तिकारी सङ्घर्षको बेला देखापरेका पूर्व अवसरवादी सामाजिक प्रजातन्त्रको फेरिएको मकुन्डो मात्र हो।

'तेस्रो बाटो' ग्रहण गर्ने सामाजिक प्रजातन्त्रको प्रतिक्रियावादी स्वरूप र मूर्खतालाई उहिल्यै इतिहासले नङ्ग्याइसकेको थियो। यो देखापरेको वर्षौं वर्ष बितिसकेको छ। यद्यपि, संसारमा कुनै पनि देशले 'तेस्रो बाटो' सँगै 'कल्याणकारी समाज' लाई चरितार्थ गर्नसकेको छैन। तथाकथित 'सामाजिक प्रजातन्त्र' चरितार्थ भइसकेको दावा गर्ने मान्छेहरू पनि छन्। तर, यस्ता देशहरूमा धनी झन् धनी र गरिब झन् गरिब हुने पुँजीवादी समाजको विकास हुनुबाहेक अरू केही भएको छैन। यस्तो पुँजीवादी प्रजातन्त्रमा शोषणको बलियो आधार रहेको हुन्छ। यस्तो स्थितिमा विश्वमा दुईओटा मात्र बाटो रहन्छन् : समाजवाद वा पुँजीवाद। 'तेस्रो बाटो' जस्तो कुनै कुरो हुँदैन। सामाजिक प्रजातन्त्रको बाटो रहेको 'तेस्रो बाटो' पुँजीवादकै बाटो हो।

सामाजिक प्रजातन्त्रको प्रतिक्रियावादी चरित्र पूर्णरूपले उदाङ्गो भए तापनि आधुनिक संशोधनवादीहरूले यसलाई श्रृङ्गारपटार गरेका छन् र आजभोलि यसको खुब वकालत गरिरहेका छन्। साम्राज्यवादीहरूले समाजवादविरुद्धको पुँजीवादी उदारवाद, बहुदलीय व्यवस्था, पुँजीवादी निजी स्वामित्व र बजार अर्थतन्त्रसहितको आफ्नो रणनीति समाजवादी देशहरूलाई खुलेआम लागू गर्न दबाब दिइरहेका छन्। समाजवादविरोधी रणनीतिको सेवा गर्ने दक्षिणपन्थी अवसरवाद त आधुनिक सामाजिक प्रजातन्त्रबाहेक अरू केही होइन। पुँजीको दमनको विरुद्ध मजदुरवर्गको क्रान्तिकारी सङ्घर्षमा समाजवादी आदर्शलाई निमिट्यान्न पार्ने सामाजिक प्रजातन्त्रलाई त्यसबेला सुरुका दिनहरूमा अवसरवादीहरूले यसको दुरुपयोग गरेर आज साम्राज्यवादीहरूको समाजवादविरोधी हतियारको रूपमा प्रयोग हुँदै छ। परिणामस्वरूप, आज यो क्रान्ति र समाजवादविरुद्धको सबैभन्दा घृणित र विश्वासघातको पर्याय भएको छ। समाजवादलाई ध्वस्त पारी पुँजीवाद फर्काउनु नै आधुनिक सामाजिक प्रजातन्त्रको प्रतिक्रियावादी चरित्र पुँजीवादलाई पछ्याउने विगतको अवसरवादी सामाजिक प्रजातन्त्र र आधुनिक सामाजिक प्रजातन्त्रबिच कुनै भेद छैन। अवसरवादी सामाजिक प्रजातन्त्रले समाजवादमा क्रान्तिकारी रूपान्तरणलाई रोक्ने ब्रेकको काम गर्छ भने आधुनिक सामाजिक प्रजातन्त्रले समाजवादलाई शान्तिपूर्ण सङ्क्रमणको माध्यमबाट पुँजीवादमा फेर्ने मार्ग प्रशस्त गरेर पथप्रदर्शकको भूमिका खेल्छ। एउटै शब्दमा भन्नुपर्दा अवसरवादी सामाजिक प्रजातन्त्र पुँजीवादी सुधारवाद हो भने आधुनिक सामाजिक प्रजातन्त्र पुँजीवाद पुन:स्थापनाको धार हो।

मजदुरवर्गको नेतृत्व र समाजवादी राज्यको एकीकृत निर्देशनलाई अस्वीकार गर्दै आधुनिक सामाजिक प्रजातन्त्रको 'प्रशासनिक कर्मचारीतन्त्रीय समाजवाद' को ठाउँमा 'मानवीय र प्रजातान्त्रिक समाजवाद' को वकालत गर्दछ। यहाँ के भनिरहनु पर्दैन भने आफू रहेको धरातलअनुसारको निर्देशित विचारधाराअनुसार समाजवादको फरक फरक स्वरूप, समाजवाद निर्माणको फरक-फरक विधि र फरक-फरक व्यवस्थापन हुनसक्छ। त्यसो भए तापनि समाजवादको मूलभूत सिद्धान्त, मजदुरवर्गको राजनीतिक नेतृत्व र समाजवादी राज्यको एकीकृत निर्देशनबाट अलग्याइएको समाजवादको कल्पनासम्म गर्न सकिँदैन। विभिन्न रूपमा समाजवादको निर्माण भइरहनु एउटा कुरो हो भने समाजवाद पुँजीवादमा फर्किरहनु अर्को कुरो हो। यसको तात्पर्य के हो भने मजदुर वर्गीय चरित्रलाई स्थिर रूपले कायमै राखेर हरेक देशको विशिष्ट स्थिति र राष्ट्रिय चरित्रसँग मेल खाने गरी समाजवादको निर्माण र बन्दोबस्त गरिनुपर्छ र आ-आफ्नो भिन्न भिन्न विशेषता अनुरूप समाजवादका विभिन्न स्वरूपका फाइदाहरू एक अर्कोबाट फरक हुनसक्छ। तर, हरेक भिन्न भिन्न प्रकारका पुँजीवादभन्दा श्रेष्ठ हुन्छ। 'प्रजातान्त्रिक समाजवाद', 'मानवीय प्रजातान्त्रिक समाजवाद' जुनसुकै नाममा समाजवादको आधारभूत सिद्धान्तलाई परित्याग गर्नु भनेको पुँजीवादी बाटोमा पतन हुनुबाहेक अरू केही होइन। यदि 'प्रशासनिक कर्मचारीतन्त्रीय साम्यवाद' को ठाउँमा 'मानवीय प्रजातान्त्रिक समाजवाद' लाई साँच्चि नै अक्षरश: स्थापना गर्ने हो भने पुँजीवादी विधि प्रयोग गर्नु हुँदैन र पूर्ण रूपले समाजवादी विधि नै प्रयोग गर्नैपर्छ। सुरूदेखि नै कर्मचारीतन्त्र म्याद नाघेको शोषणयुक्त समाजको शासन विधि थियो। समाजवादी समाजको मूलभूत स्वरूपसँग कर्मचारीतन्त्रको कुनै पनि कुरा मेला खाँदैन। समाजमा टाँसेर रहेको पुरानो समाजका अवेशषहरूको कारणबाट समाजवादी समाजमा कर्मचारीतन्त्र देखापर्ने गर्छ। पुँजीवादी विधि कार्यान्वयन गरेर कर्मचारीतन्त्रको कहिल्यै उन्मूलन गर्न सकिँदैन। यसको ठीक उल्टो, यसले कर्मचारीतन्त्रलाई ब्युत्याउँछ। आजभोलि केही मान्छेहरू 'प्रशासनिक कर्मचारीतन्त्रीय तरिका' को विरोधमा 'प्रजातन्त्र' को वकालत गरिरहेका छन्। तर, यो कुनै नयाँ कुरा होइन। यो त 'सर्वहारा अधिनायकत्व' को विरोधमा दोस्रो अन्तर्राष्ट्रमा 'प्रजातान्त्रिक केन्द्रवाद' लाई 'कर्मचारीतन्त्रीय शासन' र 'पूर्ण शुद्ध' र 'अति उत्तम प्रजातन्त्र' को रूपमा संशोधनवादीहरूको प्रतिक्रियावादी कुतर्कको सिलसिलाबाहेक अरू केही होइन। सङ्गठित एकाइ पार्टीलाई ध्वस्त गर्नलाई नै तिनीहरूले यसो गरेका थिए।

***(१९९० मे ३० को दिन कोरियाली मजदुर पार्टीको केन्द्रीय समितिका विशिष्ट अधिकारीहरूको भेलामा प्रस्तुत प्रवचन)***




जर्मनीको समुद्रतटीय क्षेत्र पुटलसमा तीव्रगतिमा आक्रमण गर्ने स्टिडफास्ट डार्ट २६ युद्धअभ्यास गर्दै नाटो देशका सेनाहरू फेब्रुअरी १८, २०२६ का दिन । इरानमाथि अमेरिकी आक्रमणको चर्चाबिच भइरहेको उक्त सैन्य अभ्यासलाई अर्थपूर्णरूपमा हेरिएको छ । *तस्बिर : फाबियन बिम्मर ⁄एएफपी*

# दोस्रो कार्यकालमा ताकाइचीको सेनाकेन्द्रित एजेन्डा

टोकियो, १८ फेब्रुअरी (एपी) । भारी मतान्तरसहितको चुनावी विजयपछि साने ताकाइची बुधबार पुनः जापानको प्रधानमन्त्रीका रूपमा नियुक्त हुँदै हुनुहुन्छ । संसद्बाट हुने यो पुनर्नियुक्ति औपचारिक प्रक्रिया मात्र भए पनि यसले उहाँलाई दोस्रो कार्यकालमा देशलाई थप रूढिवादी तथा सेना-केन्द्रित दिशातर्फ अघि बढाउने स्पष्ट सङ्केत दिएको छ ।

तल्लो सदनका ४६५ सिटमध्ये दुई तिहाइ बहुमत हासिल गरेको उहाँको लिबरल डेमोक्रेटिक पार्टीलाई विधेयक अघि बढाउन उल्लेखनीय सहजता प्राप्त भएको छ । माथिल्लो सदनमा बहुमत नभए पनि तल्लो सदनको 'सुपरमेजोरिटी' का कारण समितिहरूमा प्रभुत्व कायम राख्दै अस्वीकृत विधेयक पुनः पारित गराउन सकिने अवस्था छ । यही राजनीतिक बलमा उहाँले सैन्य क्षमता विस्तार, सरकारी खर्च वृद्धि र रूढिवादी सामाजिक नीतिलाई संस्थागत गर्ने योजना अघि सार्नुभएको छ ।

आगामी दिनमा उहाँको प्राथमिकता बढ्दो मूल्य र सुस्त ज्याला समस्यालाई सम्बोधन गर्नु रहेको छ । चुनावका कारण ढिलाइ भएको बजेट विधेयक पारित गराउनु उहाँको पहिलो कार्यसूचीमा परेको छ । जीवनयापनको लागत घटाउन दुई वर्षका लागि खाद्य सामग्रीमा बिक्री कर कटौती गर्ने प्रस्ताव उहाँले अघि सार्नुभएको छ । तर, अर्थविशेषज्ञहरूले उदार वित्तीय नीतिले मुद्रास्फीति चर्किन सक्ने र जापानको ठुलो राष्ट्रिय ऋण घटाउने प्रयास सुस्त हुन सक्ने चेतावनी दिएका छन् ।

सुरक्षा र परराष्ट्र नीतिका विषयमा उहाँले अत्यन्त सावधानी र सन्तुलनका साथ आफ्नो धारणा व्यक्त गर्नुभएको छ । पेइचिङले दाबी गरेको स्वशासित ताइवानसँग सम्बन्धित कुनै अवस्था उत्पन्न भएमा जापानले परिस्थिति हेरेर आफ्नो भूमिकाबारे विचार गर्ने कुरा उहाँले यसअघि उल्लेख गर्नुभएको थियो । यस विषयले चीन र जापानबिच कूटनीतिक तहमा सामान्य चासो र संवादलाई निरन्तरता दिएको देखिएको छ । देशभित्र क्षेत्रीय स्थिरताबारे चासो राख्ने केही समूहले उहाँको भनाइलाई सकारात्मक रूपमा बुझेका छन् । साथै, टोकियोस्थित यासुकुनी तीर्थस्थलसम्बन्धी विषयमा विभिन्न मत रहेकाले उहाँले सबै पक्षसँग परामर्श गर्दै अघि बढ्ने सङ्केत गर्नुभएको बताइएको छ ।

रक्षा क्षेत्रमा उहाँले घातक हतियार निर्यातमा लगाइएको प्रतिबन्ध खुकुलो पार्ने, आणविक-सञ्चालित पनडुब्बी विकासको सम्भावना अध्ययन गर्ने र वर्षको अन्त्यसम्म सुरक्षा नीति परिमार्जन गर्ने वाचा गर्नुभएको छ । गुप्तचर संयन्त्र सुदृढ पार्न राष्ट्रिय एजेन्सी स्थापना र वासिङ्टन, अस्ट्रेलिया तथा बेलायतसँग अझ नजिक सहकार्य गर्ने योजना पनि उहाँको एजेन्डामा छ । चिनियाँ जासुसी गतिविधि लक्षित कानुनलाई समर्थन गर्नुभएको उहाँको निर्णयले नागरिक अधिकार कमजोर हुन सक्ने भन्दै केही विज्ञले चिन्ता व्यक्त गरेका छन् ।

अप्रिलमा हुने सम्भावित शिखर भेटवार्ताअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग सम्बन्ध सुदृढ पार्ने प्रयाससमेत तीव्र पारिएको छ । जापानले अघिल्लो अक्टोबरमा प्रतिबद्ध गरेको पाँच खर्ब ५० अर्ब डलर लगानी प्याकेजअन्तर्गत प्रारम्भिक ३६ अर्ब डलरका परियोजनामा संलग्न हुने घोषणा भइसकेको छ । ओहायोमा प्राकृतिक ग्यास प्लान्ट, गल्फ कोस्टमा कच्चा तेल निर्यात सुविधा र कृत्रिम हीरा उत्पादन स्थल त्यसका उदाहरण हुन् । साथै, वार्षिक रक्षा खर्च बढाउन पनि जापानमाथि दबाब बढिरहेको छ । रिट्सुमेइकन विश्वविद्यालयका प्राध्यापक मासाटो कामिकुबोका अनुसार जापानी जनताले सुरक्षा सुनिश्चित गर्ने दृढ नेतृत्व अपेक्षा गरेका छन् ।

आन्तरिक नीतिमा उहाँले आप्रवासन र विदेशी नागरिकमाथि कडा नियम लागू गर्ने प्रस्ताव गर्नुभएको छ । स्थायी बसोबास, नागरिकता प्रक्रिया र कर तथा सामाजिक बीमा भुक्तानीसम्बन्धी प्रावधान कडा पार्ने निर्णय सरकारले जनवरीमै स्वीकृत गरिसकेको छ । सामाजिक मुद्दामा उहाँले शाही परिवारको पुरुष-मात्र उत्तराधिकार प्रणालीलाई समर्थन गर्दै समलिङ्गी विवाहको विरोध गर्नुभएको छ । विवाहित जोडीलाई छुट्टाछुट्टै थर प्रयोग गर्न दिने कानुनी संशोधनप्रति उहाँ असहमत हुनुहुन्छ, बरु उपनामका रूपमा पहिलो नामको प्रयोग विस्तार गर्ने विकल्प अघि सार्नुभएको छ ।

दोस्रो कार्यकालमा प्रवेश गर्दै ताकाइचीले आर्थिक दबाब, जनसाङ्ख्यिकीय चुनौती र क्षेत्रीय सुरक्षा तनावबिच देशलाई थप कडा नीतितर्फ डोऱ्याउने सङ्केत दिनुभएको छ । उहाँको सुपरमेजोरिटीले मार्गप्रशस्त गरे पनि ती नीतिहरूले जापानको आन्तरिक सन्तुलन र छिमेकी मुलुकसँगको सम्बन्धमा कस्तो प्रभाव पार्नेछ भन्ने प्रश्न अझै अनिश्चित नै छ ।

# अस्ट्रेलियामा घर अभावको मुख्य कारण जग्गाको बढ्दो मूल्य : प्रतिवेदन

सिड्नी, १८ फेब्रुअरी (सिन्ह्वा) । अस्ट्रेलियामा नयाँ घर निर्माणमा आवासीय जग्गाको बढ्दो मूल्यले ठुलो असर पारेको छ । यस विषयमा आएको आवास निर्माण उद्योग सङ्घको प्रतिवेदनले देशभर नयाँ घर निर्माणका लागि जग्गाको मूल्य अत्यधिक वृद्धि भएको देखाएको छ ।

प्रतिवेदनअनुसार, सन् २००० देखि नयाँ घर निर्माणका लागि जग्गाको मूल्यमा ५१३ प्रतिशतभन्दा बढी वृद्धि भएको छ । त्यही अवधिमा निर्माण लागत र दक्ष कामदारको मूल्य करिब १५० प्रतिशतले बढेको छ ।

सेप्टेम्बर २०२५ सम्मको एक वर्षमा राष्ट्रिय स्तरको जग्गाको मूल्य १० प्रतिशतभन्दा बढी बढेको प्रतिवेदनले उल्लेख गरेको छ, जुन समग्र अर्थतन्त्रको मूल्यवृद्धिको दरको तीन गुणा बढी हो ।

सङ्घीय अर्थशास्त्रीले भन्नुभयो, "अस्ट्रेलियामा घरको मूल्य बढ्नुको मुख्य कारण जग्गा हो । सरकारी नीतिअनुसार पूर्वाधार लागत, ढिलाइ र योजनासम्बन्धी शुल्कहरू जग्गाको मूल्यमा समाहित भई नयाँ घर खरिदकर्ताले तिर्नुपर्ने अवस्था सिर्जना भएको छ ।" उहाँले थप्नुभयो, "तुरुन्त निर्माण गर्न मिल्ने जग्गाको कमी समाधानको मूल पक्ष हो ।"

अस्ट्रेलियाको सङ्घीय, राज्य र क्षेत्रीय सरकारहरूले २०२३ मा पाँच वर्षभित्र देशभर १२ लाख नयाँ घर निर्माण गर्ने लक्ष्य तय गरेका थिए ।

राष्ट्रिय आवास आपूर्ति तथा सस्तो आवास परिषदको २०२५ को वार्षिक प्रतिवेदनअनुसार, सन् २०२४ मा एक लाख ७७ हजार नयाँ घर निर्माण भए, जुन अनुमानित माग दुई लाख २३ हजारभन्दा कम हो ।

प्रतिवेदनले २०२४ देखि पाँच वर्षभित्र नौ लाख ३८ हजार नयाँ घर निर्माण हुने भविष्यवाणी गरेको छ । तर, कुनै पनि राज्य वा क्षेत्रमा आफ्नो राष्ट्रिय लक्ष्य पूरा गर्न सक्ने सम्भावना छैन ।

# संयुक्त राष्ट्र सङ्घद्वारा मडागास्करका आँधीपीडितलाई राहत प्रदान गर्दै

संयुक्त राष्ट्र, १८ फेब्रुअरी ( सिन्ह्वा) । संयुक्त राष्ट्र सङ्घ र यसको साझेदार संस्थाहरू मडागास्करमा आएको दुई घातक आँधीबाट प्रभावित मानिसहरूलाई राहत उपलब्ध गराइरहेका छन् । सरकारी तथ्याङ्कअनुसार कम्तीमा ५२ जनाको मृत्यु भइसकेको छ, ८०० भन्दा बढी घाइते छन् र ९ जना अझै बेपत्ता छन् ।

फेब्रुअरी १० मा गेजानी आँधी मडागास्करको पूर्वी तटमा पुगेको थियो । यसअघि जनवरी ३१ मा फिटिया आँधी आएको थियो । प्रारम्भिक रिपोर्ट अनुसार गेजानीबाट चार लाख ७० हजारभन्दा बढी मानिस प्रभावित भएका छन् भने ३५ हजारभन्दा बढी मानिस विस्थापित भएका छन् । उहाँहरूमध्ये तीन हजार २०० मानिस १९ अस्थायी शरणस्थलमा बसिरहेका छन् ।

संयुक्त राष्ट्र सङ्घका अनुसार, "हामी र हाम्रो साझेदारहरूले जीवनरक्षक खाना, पानी, सरसफाइ, स्वास्थ्य सेवा, सुरक्षा, पोषण र अस्थायी आवाससहित आवश्यक सेवा प्रदान गरिरहेका छौँ ।" आगामी दुई र आधा महिनामा ३ लाख ८२ हजार मानिसलाई राहत दिन करिब ४९ लाख डलर रकम तत्काल आवश्यक छ । यो रकम मडागास्कर सरकारले फेब्रुअरी १४ मा माग गरेको अनुरोधको हिस्सा हो, जसले तत्काल राहत, पुनःनिर्माण र पुनःस्थापनाका आवश्यकताहरू पूरा गर्ने लक्ष्य राखेको छ ।

बालसंरक्षण संस्थाका अनुसार विस्थापितमध्ये कम्तीमा ६ हजार बालबालिका छन् र २९ हजार भन्दा बढी बालबालिका विद्यालय जान असमर्थ छन् । संस्था सरकारसँग मिलेर छिटोभन्दा छिटो सेवाहरू पुनःस्थापना गर्न काम गरिरहेको छ ताकि आगामी हप्ताहरूमा बालबालिकामा थप जोखिम नपरोस् ।

## विश्व सङ्क्षेप

# इरान-अमेरिका वार्ताले सकारात्मक परिणाम निकाल्नेमा संयुक्त राष्ट्रसङ्घ आशावादी

न्युयोर्क, १८ फेब्रुअरी (क्युएनए) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले इरान र अमेरिकाबिचको वार्ताले निर्णायक र रचनात्मक परिणाम ल्याउने आशा व्यक्त गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले पत्रकारहरूसँगको साक्षात्कारमा इरान र अमेरिकाबिचको अप्रत्यक्ष वार्ताको निरन्तरतालाई स्वागत गर्नुभएको छ । जसको पहिलो चरण ओमानले आयोजना गरेको थियो भने दोस्रो चरण स्विजरल्यान्डको जेनेभामा भएको थियो ।

गुटेरेसले वार्ताले क्षेत्रीय तनाव तथा युद्धको अन्त्य गरी दिगो व्यवस्थापन गर्ने आशा व्यक्त गर्दै संयुक्त राष्ट्रको बडापत्रअनुसार द्वन्द्व समाधान गर्नुपर्ने कुरामा जोड दिनुभएको छ ।

तेहरान र वासिङ्टनबिचको अप्रत्यक्ष वार्ता फेब्रुअरी - ६ मा ओमानको राजधानी मस्कटमा सुरु भएको थियो । जहाँ इरानी र अमेरिकी प्रतिनिधिमण्डलले जेनेभामा दोस्रो चरणको वार्ता गर्न सहमत हुनुअघि ओमानी मध्यस्थतामार्फत विभिन्न दृष्टिकोण आदान-प्रदान गरेका थिए ।

# व्यापार घाटाले जापानको आर्थिक वृद्धिमा दबाब

टोकियो, १८ फेब्रुअरी (सिन्ह्वा) । जापानले यस वर्षको जनवरी महिनामा १.१५ खर्ब येन (करिब ७.५ अर्ब अमेरिकी डलर) बराबरको व्यापार घाटा दर्ता गरेको छ । यो पछिल्ला तीन महिनामध्ये पहिलो व्यापार घाटा हो । बुधबार सार्वजनिक गरिएको सरकारी तथ्याङ्कअनुसार निर्यातमा उल्लेखनीय वृद्धि भए पनि आयातको कुल परिमाण उच्च रहेकाले समग्र व्यापार सन्तुलन घाटामा गएको हो ।

जापानको वित्त मन्त्रालयको प्रारम्भिक प्रतिवेदनअनुसार जनवरीमा निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा १६.८ प्रतिशतले वृद्धि भई ९.१९ खर्ब येन पुगेको छ । यसअघि महिनामा निर्यात ५.१ प्रतिशतले बढेको थियो, जसको तुलनामा जनवरीको वृद्धि उल्लेखनीय रूपमा उच्च देखिएको छ । निर्यातमा भएको यो विस्तारले बाह्य बजारमा जापानी वस्तुहरूको माग सुदृढ रहेको सङ्केत गर्छ ।

यता, आयात भने वार्षिक आधारमा २.५ प्रतिशतले घटेर १०.३४ खर्ब येनमा झरेको छ । अघिल्लो महिनामा आयात ५.३ प्रतिशतले बढेको थियो । आयात घटे पनि यसको कुल आकार निर्यातभन्दा ठुलो रहेकाले व्यापार घाटा कायम भएको हो । ऊर्जा, कच्चा पदार्थ तथा उपभोग्य वस्तुहरूको आयात संरचनाले पनि व्यापार सन्तुलनमा प्रभाव पारेको जनाइएको छ ।

अर्थविश्लेषकहरूका अनुसार निर्यात वृद्धिले अर्थतन्त्रलाई केही हदसम्म टेवा दिए पनि विश्वव्यापी आर्थिक अवस्था, विनिमय दरको उतारचढाव तथा घरेलु मागको स्थितिले आगामी महिनाहरूमा व्यापार सन्तुलनमा थप प्रभाव पार्न सक्ने देखिन्छ । सरकारको आगामी आर्थिक नीतिले निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनमा कस्तो प्रभाव पार्छ भन्ने विषयमा पनि चासो व्यक्त गरिएको छ ।

# माल्दिभ्समा राष्ट्रपति र संसदीय चुनाव एकसाथ गर्ने योजना

माले, १८ फेब्रुअरी (एएफपी) । खर्च घटाउने उद्देश्यका साथ माल्दिभ्सले राष्ट्रपति र संसदीय चुनाव एकै दिनमा सञ्चालन गर्ने सम्भावना परीक्षण गर्न अप्रिलमा राष्ट्रव्यापी जनमतसङ्ग्रह गर्ने निर्णय गरेको एक अधिकारीले बुधबार बताएका छन् । राष्ट्रपति मोहम्मद मुइज्जुले अप्रिल ४ का लागि जनमतसङ्ग्रह तोक्नुभएको छ, जसले स्वीकृत भएमा अर्को संसदीय मतदान अगाडि ल्याउनेछ र वर्तमान संसदीय कार्यकाल करिब पाँच महिना छोट्याउनेछ ।

संसदीय चुनाव सन् २०२९ को सुरुमा र राष्ट्रपति चुनाव सेप्टेम्बर २०२८ मा हुने निर्धारित भएको थियो । मुइज्जुका प्रवक्ताले राष्ट्रपतिले सोमबार राति जनमतसङ्ग्रह आदेश जारी गरेको जानकारी दिनुभयो । यस प्रक्रिया स्थानीय परिषद्को निर्वाचनसँगै हुनेछ ।

राष्ट्रपति मुइज्जुले दुवै राष्ट्रिय चुनाव एकै दिन सञ्चालन गर्दा हिन्द महासागरको द्वीपसमूहलाई करिब ८० लाख डलर बचत हुने तर्क गर्नुभएको छ । उहाँको पार्टीको प्रभुत्व रहेको पिपुल्स मजलिसले गत हप्ता संवैधानिक संशोधनमार्फत चुनावी क्यालेन्डर समन्वय गर्न प्रस्ताव पारित गरेको थियो । पूर्वराष्ट्रपति मोहम्मद नाशिदले पनि यो सुधारलाई समर्थन गर्नुभएको छ ।

माल्दिभ्सले वित्तीय दबाब सामना गर्दै सुधारका लागि कदम चालिरहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले गत वर्ष तीव्र गतिमा बढेको पर्यटन उद्योगका बाबजुद अर्थतन्त्र स्थिर बनाउन सुदृढीकरण उपायहरू अपनाउन सुझाएको थियो । सन् २०२४ मा सरकारले आईएमएफको बेलआउट अस्वीकार गर्दै मुइज्जुको तलब आधा गर्ने र व्यापक खर्च कटौती गर्ने योजना घोषणा गरेको थियो ।

करिब तीन लाख ८२ हजार मानिस बसोबास गर्ने माल्दिभ्सले आफ्नो आर्थिक तनाव अस्थायी रहेको जनाएको छ र हाल कुनै बाह्य सहायता लिने योजना नरहेको बताइएको छ । नयाँ कदमले खर्च घटाउने मात्र नभई, चुनाव प्रक्रियामा समन्वय र प्रभावकारिता बढाउने अपेक्षा गरिएको छ ।

# महिलाको मुटुको स्वास्थ्य
# जोखिमहरूबारे जानकारी र रोकथामको महत्त्व

✍ रामप्यारी बस्नेत बज्राचार्य

**महिलाको मुटुको स्वास्थ्य : जोखिमहरूबारे जानकारी र रोकथामको महत्त्व**

अमेरिकी हार्ट एसोसिएसनद्वारा सुरु गरिएको यो अभियानको उद्देश्य महिलाहरूमा मृत्युको प्रमुख कारणको रूपमा रहेको मुटुरोगको बारेमा जनचेतना जगाउनु हो । यसले महिलाहरूलाई आफ्नो मुटुको स्वास्थ्यको जिम्मेवारी लिन र जोखिम कम गर्न जीवनशैलीमा परिवर्तन गर्न प्रोत्साहित गर्दछ । ‘गो रेड फर वमेन’ को लागि महिलाहरूले मुटुरोगको बारेमा जनचेतना जगाउन र आफ्नो मुटुको स्वास्थ्यलाई नियन्त्रण गर्नको लागि धेरै कार्यहरू गर्नसक्छन् । अभियानको लागि र आफ्नो मुटुको सुरक्षा गर्न महिलाहरूले के गर्न सक्छन् भन्ने कुरा यहाँ दिइएको छ ।

मुटुरोगको जोखिम कारकहरूमा उच्च रक्तचाप, उच्च कोलेस्ट्रोल, मधुमेह, पारिवारिक इतिहास/जीवनशैली कारकहरू जस्तै धूमपान र निष्क्रिय जीवन समावेश छन् । तपाईंको व्यक्तिगत जोखिम बुझ्नको लागि स्वास्थ्य सेवा प्रदायकसँग नियमित जाँचहरू महत्त्वपूर्ण छन् । यसैले आफ्नो रक्तचाप, कोलेस्ट्रोल/रगतमा चिनीको स्तर जाँच गर्नुपर्नेछ । तनावले गर्दा उच्च रक्तचाप, अस्वस्थ खानपान र व्यायाममा कमी आउन सक्ने भएकोले तनाव कम गर्नु पर्नेछ । आफ्नो मुटुरोगको जोखिम र यसलाई कम गर्न के गर्न सक्नुहुन्छ भन्नेबारेमा आफ्नो डाक्टरसँग परामर्श लिनुपर्नेछ । यसका साथै ‘गो रेड फर वमेन’ को सन्देश साथीभाइ, परिवार र सहकर्मीहरूलाई सुनाउनुपर्नेछ । यदि तपाईले मुटुरोगलाई जित्नुभएको छ भने मुटु स्वास्थ्य सुधारमा तपाईंले चाल्नुभएका कदमहरू बारेमा अरुलाई बताउनुपर्नेछ । ‘गो रेड फर वमेन’ द्वारा सञ्चालित जनचेतनामूलक अभियानमा सहभागी जनाउनुपर्नेछ । एकअर्कालाई सशक्त बनाउनाले मुटु स्वास्थ्यको ख्याल राख्ने महिलाहरूको बलियो समुदाय सिर्जना हुन्छ । यी कार्यहरू गरेर महिलाहरूले आफ्नो स्वास्थ्यमा मात्र नभएर सबै महिलाहरूको मुटुको स्वास्थ्यको महत्त्वबारेमा जनचेतना फैलाउन पनि सक्रिय हुनसक्छन् । यसको प्रमुख लक्ष्य भनेको महिला स्वास्थ्यको कुराकानीमा मुटुरोगलाई प्राथमिकतामा राख्नु र यसबाट प्रभावित महिलाहरूको सङ्ख्या न्यूनीकरण गर्नु हो ।

**किन महिलाको मुटुको स्वास्थ्य महत्त्वपूर्ण छ ?**

मुटुरोगले धेरैजसो पुरुषहरूलाई असर गर्छ भन्ने भनाइ छ तर वास्तवमा विश्वव्यापी रूपमा महिलाहरूको मृत्युको प्रमुख कारण मुटुरोग देखिएको छ । यसका बाबजुद, धेरै महिलाहरूले मुटुको स्वास्थ्यको सन्दर्भमा सामना गर्ने अनौठो जोखिमहरूबारे अनभिज्ञ रहन्छन् । यस लेखमा, हामी किन मुटुरोगले महिलाहरूलाई फरक तरिकाले असर गर्छ, महिलाहरूको लागि विशेष जोखिम कारकहरू र महिलाहरूले आफ्नो मुटुको स्वास्थ्य जोगाउन गर्नसक्ने उपायहरू पत्ता लगाउनु कोसिस गरिन्छ ।

महिलाहरूमा मुटुरोग एक मौन महामारी हो । अमेरिकन हार्ट एसोसिएसनका अनुसार ३ मध्ये १ महिलाको मृत्यु मुटुरोगबाट हुन्छ, अझै झण्डै आधा महिलाहरूले मात्र मुटुरोगलाई आफ्नो नम्बर एक स्वास्थ्य खतराको रूपमा स्वीकार्छन् । मुटुरोगको लक्षण र जोखिमका कारकहरू पुरुषहरूको तुलनामा महिलाहरूमा फरक हुनसक्छ, जसले गर्दा यसको निदान र उपचारमा ढिलाइ हुन्छ । महिलाहरूमा मुटुरोगको सङ्क्रमण जीवनको उत्तरार्द्धमा हुन्छ, समान्यतया र महिनावारी रोकिएपछि, तर सबै उमेरका महिलाहरूले यो रोगका जोखिमका कारकहरू र यसको रोकथामको बारेमा बुझ्नुपर्दछ ।


मुटुरोग महिला स्वास्थ्यको लागि एक प्रमुख खतरा हो तर यो धेरै हदसम्म सक्रिय उपायहरूद्वारा रोकथाम गर्न सकिन्छ । मुटुमैत्री जीवनशैली अपनाएर, आहार, व्यायाम, तनाव व्यवस्थापन र नियमित जाँचहरूमार्फत महिलाहरूले आफ्नो जोखिमलाई उल्लेखनीय रूपमा कम गर्न र लामो स्वस्थ जीवन बाँच्न सक्छन् । तपाईंको मुटुको हेरचाह गर्ने कार्य सुरुवात गर्न कहिले पनि धेरै चाँडो वा धेरै ढिलो हुँदैन । त्यसले यसलाई आज नै प्राथमिकतामा राख्नुपर्ने छ ।

**कसरी मुटुरोगले महिलाहरूलाई फरक असर गर्छ ?**

मुटुरोगलाई बढावा दिने उच्च रक्तचाप, उच्च कोलेस्ट्रोल र निष्क्रिय जीवनशैली तत्त्वहरू पुरुष र महिला दुवैको लागि समान छ तर महिलाहरूमा पार्ने प्रभाव धेरै नै फरक हुन्छ । केही प्रमुख भिन्नताहरूमा :

**क. जोखिम कारक**

**हर्मोनबाट हुने परिवर्तनहरू :** इस्ट्रोजन हर्मोनले मुटुको सुरक्षा गर्छ तर महिलाहरूको उमेर बढ्दै गएपछि र रजोनिवृतिमा प्रवेश गरेपछि इस्ट्रोजन हर्मोनको मात्रा घट्छ, जस्ले मुटुरोगको जोखिम बढाउन सक्छ ।




**गर्भावस्थाका जटिलताहरू :** (प्रिक्लाम्पसिया), गर्भावस्थाको मधुमेह र समयपूर्व जन्मले महिलाको जीवनमा मुटुरोगको जोखिम बढाउन सक्छ ।

**स्वप्रतिरक्षात्मक रोगहरू :** महिलाहरू लुपस र रुमेटोइड गठियाजस्ता स्वप्रतिरक्षात्मक रोगहरूबाट पीडित हुने सम्भावना बढी हुन्छ, जुन मुटुरोगको बढ्दो जोखिमसँग जोडिएको हुन्छ ।

**डिप्रेसन र मानसिक स्वास्थ्य :** डिप्रेसन र तनाव महिलाहरूमा मुटुरोगको उच्च जोखिमसँग जोडिएको छ । दीर्घकालिन तनावले रक्तचाप बढाउन सक्छ र यसले हृदयघात वा स्ट्रोकको जोखिम बढाउन सक्छ ।

**ख) मुटुरोगका लक्षणहरू :**

महिलाहरूले प्राय: पुरुषहरूभन्दा मुटुरोगका फरक वा कम स्पष्ट लक्षणहरू अनुभव गर्छन् । जब कि पुरुषहरूले छाती दुख्ने अनुभव गर्छन्, महिलाहरूले निम्नलिखित थप सूक्ष्म सङ्केतहरू अनुभव गर्नसक्छन् । जस्तै:

- सास फेर्न गाऱ्हो हुने
- थकान
- वाकवाकी वा उल्टी
- घाँटी, पछाडि वा बङ्गारामा दुखाइ
- हल्का टाउको दुख्नु वा चक्कर लाग्नु

यी लक्षणहरू अन्य रोगका लक्षणहरूसँग मिल्दोजुल्दो भएको कारण मुटुरोगको उपचार खोज्न ढिलाइ हुन्छ ।

**ग) हृदयघात प्रस्तुति**

हृदयघात भएका महिलाहरूले इलेक्ट्रोकार्डियोग्राममा पुरुषहरूको जस्तै Pattern नदेखाउन सक्दछन् जसले गर्दा गलत निदान वा उपचारमा ढिलाइ हुनसक्दछ । मुटुरोगको समान गम्भीरता अनुभव गरे तापनि पुरुषहरूको तुलनामा महिलाहरूले छिटो उपचार पाउने सम्भावना पनि कम हुन्छ ।

**महिलाहरूले मुटुरोगबाट बच्न गर्नसक्ने उपायहरू**

मुटुरोगको रोकथाम सबै उमेरका महिलाहरूको लागि आवश्यक छ किनभने विश्वमा मुटुरोग महिलाहरूको लागि मृत्युको प्रमुख कारण हो । उमेर, पारिवारिक इतिहास र रजोनिवृतिजस्ता केही जोखिम कारकहरू महिलाको नियन्त्रण बाहिर हुँदा धेरैजसो जीवनशैली परिवर्तन र रोकथाम उपायहरूले जोखिमलाई उल्लेखनीय रूपमा कम गर्न सक्दछ । यहाँ महिलाहरूले आफ्नो मुटुको स्वास्थ्य जोगाउन अपनाउन सक्ने केही महत्त्वपूर्ण उपायहरू दिइएको छ :

**१. स्वस्थ खानपानमा ध्यान दिनु होस्**

- मुटु स्वस्थ आहार खानु मुटुरोगबाट बच्ने सबैभन्दा प्रभावकारी तरिकाहरूमध्ये एक हो । राम्रो सन्तुलित आहारले स्वस्थ तौल कायम राख्न, कोलेस्ट्रोल घटाउन, रक्तचाप कम गर्न र रगतमा चिनीको मात्रा स्थिर राख्न मद्दत गर्दछ ।
- प्रशोधन नगरिएका खानेकुराहरूमा ध्यान दिनुहोस् । आफ्नो आहारमा प्रशस्त मात्रामा फलफूल, तरकारीहरू, अन्न समावेश गर्नुहोस् । यी खानेकुरा प्रशस्त मात्रामा रेशा र एन्टिअक्सिडेन्टयुक्त हुन्छ जसले मुटुरोगबाट बचाउँछ ।
- स्वस्थ चिल्लो छनोट गर्नुहोस् । जैतुनको तेल, एभोकाडो र नटहरूमा पाइने जस्ता असंतृप्त चिल्लोहरू (Unsaturated fat) छनौट गर्नुहोस् । संतृप्त चिल्लो (Saturated fat) मक्खन, रातो मासुमा र पूर्ण चिल्लो डेरीमा पाइने भएकोले थोरै मात्र प्रयोग गर्नुहोस् र ट्रान्स्फ्याटहरू प्रशोधित खाद्यपदार्थ र बेकरीमा पाइने भएकोले यी खानाहरू खान बन्द गर्नुहोस् ।
- सोडियम सीमित गर्नुहोस् । धेरै नुनले रक्तचाप बढाउन सक्छ । सोडियम उच्च हुने प्रशोधित खानाहरूभन्दा ताजा खानाहरू छनौट गर्नुहोस् ।
- थोरै खानुहोस् चाहे स्वस्थ खाना नै किन नहोस् । धेरै खाने गर्नाले शरीरको तौल बढ्न सक्छ जसले मुटुरोगको जोखिम बढाउँछ । त्यसैले आवश्यक मात्रामा सन्तुलित खाना खानुहोस् ।

२. नियमित व्यायाम गर्नु होस् ।
३. स्वस्थ तौल कायम राख्नुहोस् ।
४. धूमपान छोड्नुहोस् ।
५. तनाव व्यवस्थापन गर्नुहोस् ।
६. रक्तचाप र कोलेस्ट्रोललाई निगरानीमा राख्नुहोस् ।
७. मधुमेह नियन्त्रण गर्नुहोस् ।
८. रक्सी सेवन नगर्नुहोस् वा निकै कम गर्नुहोस् ।
९. आफ्नो पारिवारिक इतिहास जान्नुहोस् ।
१०. नियमित स्वास्थ्य जाँच गर्नुहोस् ।

महिलाहरू आफ्नो सम्पूर्ण परिवारको मुटुको स्वास्थ्य सुधार गर्नको लागि विशिष्ट स्थानमा छन् । मुटु स्वस्थ बानीहरू अपनाएर असल उदाहरण प्रस्तुत गरेर, अग्रणी र सहयोगी स्वस्थ वातावरण सिर्जना गरेर, महिलाहरूले आफ्ना प्रियजनहरूको स्वास्थ्यमा दिगो प्रभाव पार्न सक्छन् । उनीहरूले आज गरेका परिवर्तनहरूले मुटुरोगको जोखिम कम गर्न र उनीहरूको परिवारको लागि स्वस्थ भविष्य सिर्जना गर्न मद्दत गर्नेछ । यो सुनिश्चित गर्दै जानुहोस् कि मुटु स्वास्थ्य सबैको लागि प्राथमिकता हो । साँच्चै भन्ने हो भने महिलाहरूले घरमा स्वस्थ बानीहरू पालना गरेमा आफ्नो सम्पूर्ण परिवारको मुटु स्वास्थ्यमा सकारात्मक परिवर्तन ल्याउन सक्छन् ।

***स्रोत : ‘मुटु’, २०८२ माघ***

---

***प्रश्नको...***

यदि मानिसले चन्द्रमामा पुग्ने सपनामा प्रश्न नगरेको भए, यदि रोगहरूको कारणमा प्रश्न नगरेको भए, संसार आजको जस्तो प्रविधियुक्त र ज्ञानसम्पन्न हुने थिएन । हरेक ठुलो आविष्कार एउटा सानो प्रश्नको कोखबाट जन्मिएको हुन्छ ।

प्रश्न ज्ञानको स्रोत मात्र होइन, परिवर्तनको शस्त्र पनि हो । विज्ञले दिने उत्तरभन्दा पत्रकारले सोध्ने प्रश्न प्राय: रोचक र महत्त्वपूर्ण हुन्छ । उदाहरणका लागि दक्ष पत्रकारले नेतालाई रिस उठ्ने गरी प्रश्न सोधेपछि नेता पनि मन खोलेर उत्तर दिन बाध्य हुन्छ । त्यस्तो उत्तरमा जनताको जिज्ञासा मेटिएको हुन्छ । स्मरणीय छ, शक्तिशाली सही प्रश्नले ‘शक्तिशाली’ लाई असहज बनाउँछ किनभने त्यस्ता प्रश्न सत्य उजागरतर्फ केन्द्रित हुन्छन् ।

पत्रकारले शक्तिशाली प्रश्न सोध्न सक्नुपर्छ । पत्रकारिता तब प्रभावकारी हुन्छ, जब उसले समाज, सरकार र सत्तालाई तीखा तर तार्किक प्रश्न गर्छ । उत्तर दिने व्यक्ति चतुर हुनसक्छ, तर प्रश्न गर्ने व्यक्ति सदैव सजग र सचेत हुनुपर्छ । जब पत्रकारले प्रश्न गर्न छाड्छ, तब लोकतन्त्रको चौथो स्तम्भ ढल्न सुरु गर्छ ।

वास्तवमा प्रश्न गर्न सक्ने क्षमता जोसुकैमा हुँदैन । प्रश्न गर्न साहस चाहिन्छ । आत्मविश्वास चाहिन्छ । विवेक चाहिन्छ । धेरैजसो मानिस चुप लागेर बस्न सजिलो ठान्छन् । प्रश्न गर्दा, “आलोचित भइएला कि !” “कतै अपमान भोग्नुपर्ला कि !” वा “कतै भीडभन्दा फरक देखिइएला कि !” भन्ने डरले हामी आफ्ना जिज्ञासा दबाउँछौं । तर, यस्तै मौनताले समाजलाई जकडेर राख्छ । जहाँ प्रश्न हुँदैन, त्यहाँ अन्याय मौलाउँछ । जहाँ जिज्ञासा हुँदैन, त्यहाँ अन्धविश्वास फस्टाउँछ । जब अन्यायी र अत्याचारी शासकका क्रियाकलाप असह्य हुन्छन्, त्यो बेला असङ्ख्य प्रश्नहरू सल्बलाउँछन् । ती प्रश्नहरू आन्दोलनका रूपमा उठ्न पनि सक्छन् । यदि प्रश्न गर्न सक्ने जनता भए, नेता स्वत: सुध्रिन बाध्य हुन्छन् ।

लोकतन्त्रको सार नै प्रश्न हो । जनताले आफ्नो प्रतिनिधिलाई सोध्नुपर्छ - हामीले तिरेको कर कहाँ खर्च भयो ? हाम्रा लागि गरेका वाचा किन पूरा भएनन् ? विकासका योजना कागजमै किन सीमित छन् ? जब नागरिक सचेत भई यस्ता प्रश्न गर्छन्, तब सत्ता जवाफदेही बन्छ । नत्र भने नेतृत्व निरङ्कुश बन्छ । प्रश्नविहीन समाज अन्तत: भीडमा परिणत हुन्छ । प्रश्न गर्ने समाज मात्र नागरिक समाज बन्छ ।

त्यस्तै, प्रश्न गर्न सक्ने सेवाग्राही भए कर्मचारीको व्यवहार पनि सुध्रन्छ । “किन ढिलाइ भयो ?” “किन अनावश्यक कागज मागियो ?”, “कानुनमा यस्तो व्यवस्था कहाँ छ ?” जस्ता प्रश्नले प्रशासनिक निकायलाई अनुशासित बनाउँछ । प्रश्नले पारदर्शिता ल्याउँछ । प्रश्नले अधिकारको रक्षा गर्छ ।

यस अर्थमा प्रश्न एकदमै शक्तिशाली र उपयोगी हतियार हो । तर यो हतियार हिंसात्मक होइन; यो विवेकको हतियार हो । यसले घाउ बनाउँदैन, बरु घाउ देखाउँछ । यसले विनाश गर्दैन, सुधारतर्फ उन्मुख गराउँछ । प्रश्नले क्रान्ति ल्याउन सक्छ तर त्यो क्रान्ति रक्तपातको होइन - चेतनाको हुन्छ । आजको विश्वमा जहाँ ‘फेक न्यूज’ र भ्रमहरूको खेती भइरहेको छ, त्यहाँ प्रश्न गर्ने क्षमता नै हाम्रो सबैभन्दा ठुलो ढाल हो । कसैले भनेको कुरालाई आँखा चिम्लेर पत्याउनुभन्दा “यसको प्रमाण के छ ?” भनेर सोध्नु नै बौद्धिक स्वतन्त्रता हो ।

आजकल एआई (आर्टिफिसियल इन्टेलीजेन्स) को जमानामा पनि प्रश्न गर्ने क्षमता झन् आवश्यक भएको छ । कृत्रिम बुद्धिमत्ता जति नै विकसित भए पनि, उसले दिने उत्तर प्रश्नको गुणस्तरमा निर्भर हुन्छ । जसलाई हामी ‘प्रम्ट इन्जिनियरिङ’ भन्छौं, त्यो वास्तवमा सही प्रश्न गर्ने कला नै हो । यदि प्रश्न अस्पष्ट छ भने उत्तर पनि अपूर्ण हुन्छ । एआईसँग संवाद गर्न पनि स्पष्ट सोच र सुस्पष्ट प्रश्न चाहिन्छ । प्रविधिले सूचना सजिलै उपलब्ध गराउँछ तर सही सूचना पाउन सही प्रश्न गर्न जान्नुपर्छ । प्रविधिले हामीलाई उत्तर त दियो तर ती उत्तरहरूको सत्यता जाँच्न फेरि प्रश्नकै सहारा लिनुपर्छ ।

आजका विद्यार्थीहरूका लागि यो झन् महत्त्वपूर्ण छ । उनीहरूले गुगल वा एआईबाट छिटो उत्तर पाउन सक्छन् तर त्यसले उनीहरूको मौलिक सोच्ने प्रक्रिया कमजोर नबनोस् । प्रश्न गर्ने बानी हरायो भने भविष्यको अनुसन्धान, आविष्कार र साहित्य सबै ओझेलमा पर्न सक्छ । त्यसैले शिक्षक र अभिभावकले बालबालिकालाई “चुप लाग !” भन्नुभन्दा उनीहरूका अनौठा र अप्ठ्यारा प्रश्नहरूको सम्मान गर्नुपर्छ । एउटा बच्चाले सोध्ने “आकाश किन नीलो छ ?” भन्ने प्रश्नमा नै भविष्यको वैज्ञानिक लुकेको हुन्छ ।

प्रश्न बाहिरी संसारतर्फ मात्र होइन, आत्मातर्फ पनि हुनुपर्छ । “म के गर्दैछु ?”, “म किन यसरी सोच्दै छु ?”, “मेरो जीवनको लक्ष्य के हो ?” यस्ता आत्मप्रश्नले व्यक्तित्व परिष्कृत गर्छ । आत्मालोचनबिनाको जीवन दिशाहीन हुन्छ । हामी अरूलाई त धेरै प्रश्न गर्छौं तर जब हामी ऐना अगाडि उभिएर आफैंलाई प्रश्न गर्छौं, तबमात्र वास्तविक रूपान्तरण सुरु हुन्छ । “के म न्यायको पक्षमा छु ?” यो प्रश्नले मानिसलाई नैतिक बनाउँछ ।

तर, ध्यान दिनुपर्ने कुरा के छ भने प्रश्न तार्किक र शिष्ट हुनुपर्छ । प्रश्नको उद्देश्यमा अपमान होइन, स्पष्टता हुनुपर्छ । प्रश्नले द्वन्द्व होइन संवाद सिर्जना गर्नुपर्छ । जब प्रश्न आरोपमा बदलिन्छ, तब संवाद टुट्छ र अहङ्कारको जन्म हुन्छ । तर, जब प्रश्न शुद्ध जिज्ञासा र सत्यको खोजीमा आधारित हुन्छ, तब यसले सम्बन्धहरूलाई अझ बलियो र पारदर्शी बनाउँछ । इतिहासले प्रमाणित गरेको छ - प्रश्नले नै युग परिवर्तन गरेका छन् । दासप्रथा, सामन्तवाद, लैङ्गिक विभेद - यी सबै कुरीतिहरूलाई प्रश्नले नै चुनौती दिएर ढलाएको हो ।

अन्तत: प्रश्नको शक्ति केवल शब्दमा होइन, चेतनामा निहित छ । प्रश्न गर्ने मानिस स्वतन्त्र हुन्छ । ऊ भीडको पछि लाग्दैन; ऊ आफ्नै विवेकको बाटो हिँड्छ । प्रश्न गर्ने समाज सचेत हुन्छ । ऊ अन्धविश्वास, अन्याय र दुरूपयोगविरुद्ध उभिन सक्छ । त्यसैले प्रश्न गर्न सिकौँ । आफ्ना बालबालिकालाई प्रश्न गर्न प्रेरित गरौं । कक्षाकोठामा, समाजमा, शासनमा - जहाँ पनि अन्योल, अन्याय वा अस्पष्टता देखिन्छ, त्यहाँ प्रश्नको दीप बालौं । किनकि प्रश्न नै ज्ञानको ढोका हो । प्रश्न नै सुधारको सुरुवात हो । प्रश्न नै चेतनाको क्रान्ति हो ।

## बाँकेका विभिन्न चोक र स्थानमा कोणसभा

# संसद्मा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्ने दल नेमकिपा



बाँके, ६ फागुन । नेपाल मजदुर किसान पार्टीले बुधबार बाँके क्षेत्र नं १ को कोहलपुर नगरका विभिन्न चोकमा कोण सभा सम्पन्न गरेको छ । कोहलपुरका हाइस्कूल चोक, साझा चोक, नयाँ सडक, दस बिगाहा र चप्परगौडीमा कोणसभा गरिएका हुन् ।

कोणसभामा नेमकिपा लुम्बिनी प्रदेश संयोजक हरिसुन्दर बासीले एमसीसी सम्झौताअनुसार संरा अमेरिकी साम्राज्यवादी सेना नेपालमा ल्याउन एसपीपी सम्झौता गर्न खोजेको चर्चा गर्दै आसन्न निर्वाचनबाट देशभक्त उम्मेदवार जिताउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

शासक दलहरूले विदेशी पुँजीको सेवा गरिरहेकाले नेपालमा जनताको प्रजातन्त्र होइन, दलाल पुँजीवाद हाबी रहेको बताउँदै संयोजक बासीले समाजवादी व्यवस्थामा योग्यताअनुसार काम र कामअनुसार ज्याला सुनिश्चित हुन्छ भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समितिका सदस्य नवीनकुमार शाहीले शिक्षालाई श्रमसँग जोड्नुपर्नेमा जोड दिँदै विगतका शासक दलहरूले नेपाललाई खरब रुपैयाँ बराबरको फाइदा हुन्छ भनेर महाकाली सन्धिमा जस्तै ठग्दै आएको छ भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समितिका सदस्य एवम् समानुपातिक उम्मेदवार नारायणी चौधरीले सचेततापूर्वक मतदान गरेर देशभक्त उम्मेदवारहरूलाई जिताउन अनुरोध गर्नुभयो ।

नेमकिपा बाँकेका अध्यक्ष शेरबहादुर बिकले मतदाताको भावनाविपरीत काम गर्ने शासक दलहरूलाई दिएको मत खेर गएको सरह हुन्छ भन्नुभयो ।

नेमकिपा बाँकेका सचिव घनबहादुर सिजापतिले जघन्य अपराध गर्ने अपराधीहरूलाई ज्यान सजाय दिने व्यवस्था हुनुपर्छ भन्नुभयो ।

बाँके क्षेत्र नं १ बाट नेमकिपाका उम्मेदवार सुर्जा थापाले किसानहरूले श्रम र उत्पादनको मूल्य पाएका छैनन्, युवाहरूले रोजगार पाएका छैनन् भन्नुभयो ।

बाँके क्षेत्र नं ३ बाट नेमकिपाका उम्मेदवार भूमि महतराले कामदारवर्गका महिलाहरू एकजुट नहुँदासम्म मुक्ति पाउन सकिँदैन भन्नुभयो ।

नेमकिपा बाँके जिल्ला सदस्य शेरबहादुर शाहीले नेमकिपाबाट जितेका जनप्रतिनिधिहरूले देश र जनताप्रति इमानदारीपूर्वक सेवा गरिरहेका छन् भन्नुभयो ।

नेमकिपा बाँके सल्लाहकार समिति सदस्य अन्जिरबहादुर शाहीले हरेक पटक निर्वाचनमा ठुला र शासक दलहरूले जनतालाई झुक्याएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ बाँकेका अध्यक्ष वीरबहादुर चौधरीले निर्वाचन पनि समाजवादी गणतन्त्र प्रचार अभियान हो भन्नुभयो ।

यसअघि नेपाल मजदुर किसान पार्टीले मङ्गलबार बाँके क्षेत्र नं २, नेपालगञ्ज बजारका विभिन्न चोकमा कोणसभा सम्पन्न गर्‍यो । नेपालगञ्जको पुष्पलाल चोक, धम्बोजी चोक, त्रिवेणी चोक र भेरी अस्पताल चोकमा कोणसभा गरिएका हुन् ।

कोणसभामा नेमकिपा लुम्बिनीका संयोजक हरिसुन्दर बासीले संसद्को काम प्रधानमन्त्री मात्र बनाउने होइन, ऐन कानुन बनाउने हो भन्नुभयो । नेमकिपाले संसद्मा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै देश र जनताको हितविपरीत ऐन कानुन बनाउने र सन्धि सम्झौता गर्ने शासक दलहरूलाई खबरदारी गरिरहेको बताउँदै संयोजक बासीले सशक्त प्रतिपक्षले मात्र प्रजातन्त्रलाई जीवन्त राख्न सक्छ भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समिति सदस्य एवम् समानुपातिक उम्मेदवार नारायणी चौधरीले शिक्षा र स्वास्थ्य निःशुल्क व्यवस्था गराउन सङ्घर्ष गरिरहेको छ भन्नुभयो ।

कोणसभामा नेमकिपा बाँकेका अध्यक्ष शेरबहादुर विक, उपाध्यक्ष एवम् समानुपातिक उम्मेदवार गौरीकान्त आचार्य, क्षेत्र नं १ का उम्मेदवार सुर्जा थापा, क्षेत्र नं २ का उम्मेदवार प्रकाश शाह, क्षेत्र नं ३ का उम्मेदवार भूमि महतरा, अन्जिरबहादुर शाही, धनबहादुर सिजापति र वीरबहादुर चौधरीले देशको सार्वभौमसत्ता जोगाउन सही उम्मेदवार लाई मतदान गर्न आग्रह गर्नुभयो ।

## नेपाली जनताले २८ खर्ब ऋण बोकाउने शासक दलहरूलाई मत दिन नहुने

काठमाडौँ, ६ फागुन । "सार्वजनिक संस्थान निजीकरणको नाउँमा विदेशी समेतलाई बेच्ने र देशघाती एमसीसी सम्झौता गर्ने प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री भएका पार्टीहरूलाई नेपाली जनताले अब मत दिने छैनन् ।"

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् भक्तपुर क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले चाँगुनारायण नगरपालिका वडा नं. ४ नारायणटारका जनतासँगको भेटघाटमा फागुन ५ गते उक्त कुरा बताउनुभएको हो ।

XXX

चाँगुनारायण नगरपालिका वडा नं. ५ कालीटारका जनतासँगको भेटमा उम्मेदवार सुवालले भन्नुभयो, "देश र जनतालाई २८ खर्बभन्दा बढी ऋणमा डुबाउने शासक दलहरूलाई नेपाली जनताले मत दिनु भष्मासुरलाई बरदानजस्तै हुनेछ ।"

XXX

उम्मेदवार सुवालले GNN टेलिभिजनका प्रतिनिधि चन्द्र बानियाँसँगको अन्तर्वार्तामा भन्नुभयो, "एमाले र माओवादी कम्युनिस्ट होइनन् 'भाइकाङ्ग्रेस' हुन् । माओवादी त भारतीय सेना बोकेको 'ट्रोजन हर्स' हो । यसकारण पनि माओवादीले अन्य पार्टीसँग एकीकरण गरी अनुहार लुकाउने काम गरेको हो ।"

XXX

उम्मेदवार सुवालले भादगाउँ टेलिभिजनका प्रतिनिधि सुशीलबन्धु थापासँगको अन्तर्वार्तामा भन्नुभयो, "नेमकिपा आदर्श समाज निर्माणको लागि स्थापना भएको हो । ३५ वर्षयता सरकारमा गएका दलहरूले नदी नाला बेच्ने र भ्रष्टाचार गर्ने काम गरेका हुँदा अब जनताले ती पार्टीहरूलाई मत दिने छैनन् ।"

उम्मेदवार सुवालले थप्नुभयो, "संविधानमा विपक्षी दलको सदस्य संवैधानिक परिषद्मा सदस्य हुने व्यवस्था छ । तर, सरकारमा गएका कुनै पनि दलले सरकारबाहिर हुँदा विपक्षीको प्रभावकारी भूमिका निर्वाह गरेनन् ।"

## कैलालीको विभिन्न स्थानमा नेमकिपाको चुनावी सभा

कैलाली, ६ फागुन । फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनको निम्ति निर्वाचन आयोगले आचारसंहिताभित्र रहेर चुनाव प्रचार गर्ने समय निर्धारण गरेपछि चुनावी प्रचार अभियान सुरू भएको छ ।

उक्त चुनावी प्रचार अभियान कैलालीको विभिन्न चोकमा पनि चालू छ । नेमकिपा कैलाली निर्वाचन क्षेत्र नं. १ अन्तर्गत फागुन ५ गते जानकी गाउँपालिकाको दुर्गौली बजार चोक, टीकापुर नगरपालिकाको खडक चोक, बसपार्क चोक, नारायणपुर बजारको चोक आदि स्थानमा कोणसभा भयो ।

उक्त कोणसभामा गगनबहादुर थापा मगरले नेमकिपाको घोषणापत्रबारे जानकारी दिनुभयो ।

लक्ष्मी पुनमगरले शासकहरूले देशको नदी नाला भारतको अधीनमा दिएर उद्योग तथा कारखाना कौडीको मूल्यमा बेचेर देश हितविपरीत काम गरेको बताउनुभयो ।

नेमकिपा कैलाली क्षेत्र नं. १ का उम्मेदवार सुनिता भण्डाराले जनता सचेत र सङ्गठित नभएसम्म शासकहरूले शासन गरिरहने हुँदा जनता बेलैमा सचेत हुनुपर्छ भन्नुभयो । कार्यक्रममा सीताराम पण्डितले पनि बोल्नुभएको थियो ।

# तारिक रहमानको मन्त्रिपरिषद् घोषणा

ढाका, १८ फेब्रुअरी (एएफपी) । भारी चुनावी विजयपछि बङ्गलादेशका प्रधानमन्त्री तारिक रहमानले ५० सदस्यीय मन्त्रिपरिषद् घोषणा गर्दै सङ्कटग्रस्त अर्थतन्त्र पुनर्जीवित गर्ने र क्षेत्रीय तथा आन्तरिक सुरक्षाका चुनौती सामना गर्ने सङ्केत गर्नुभएको छ । सन् २०२४ को घातक विद्रोहपछि अन्तरिम प्रशासनमार्फत सञ्चालन हुँदै आएको शासन व्यवस्थाबाट औपचारिक रूपमा जिम्मेवारी सम्हाल्नुभएका रहमानले मङ्गलबार पदभार ग्रहण गरेपछि मन्त्रिपरिषद् सार्वजनिक गर्नुभएको हो ।

मङ्गलबार राति राजपत्रमार्फत जारी सूचीअनुसार ७६ वर्षीय अमिर खसरु महमुद चौधरीलाई वित्त मन्त्रालयको जिम्मेवारी दिइएको छ । पूर्ववाणिज्य मन्त्री तथा अनुभवी सांसद रहनुभएका चौधरी व्यापारी पृष्ठभूमिका व्यक्ति हुनुहुन्छ । महिनौँको राजनीतिक अस्थिरतापछि विश्वको दोस्रो ठुलो गार्मेन्ट निर्यातक राष्ट्रका रूपमा चिनिएको बङ्गलादेशमा लगानीकर्ताको विश्वास पुनःस्थापित गर्ने दायित्व उहाँलाई सुम्पिएको छ ।

चौधरीले यसअघि प्रधानमन्त्री रहमानकी स्वर्गीय आमा तथा तीन पटककी प्रधानमन्त्री खालिदा जियाको मन्त्रिपरिषद्मा काम गर्नुभएको थियो । तर, सन् २००४ मा ताइवानलाई ढाकामा व्यावसायिक कार्यालय खोल्न अनुमति दिएको विषय सार्वजनिक भएपछि उहाँले पद त्याग्नुभएको थियो । सो विषयमा उहाँले हालसम्म सार्वजनिक प्रतिक्रिया दिनुभएको छैन । शेख हसिनाको १५ वर्षे शासनकालमा उहाँलाई विभिन्न आरोपमा पटक-पटक पक्राउ गरिएको थियो र त्यस समयमा विपक्षी नेतामाथि राजनीतिक उद्देश्यले मुद्दा लगाइने गरेको आरोप लाग्दै आएको थियो ।

प्रधानमन्त्री रहमानले आफैँ रक्षा मन्त्रालय सम्हाल्नुभएको छ । वर्षौंदेखि राजनीतिक प्रतिस्पर्धाले ध्रुवीकृत समाजलाई एकताबद्ध गर्ने, सुरक्षा व्यवस्थामा सुधार ल्याउने र सीमापार चुनौती सामना गर्ने दायित्व उहाँसामु रहेको छ । भारतसँग सीमा तनाव उच्च अवस्थामा रहेको तथा म्यान्मामा जारी द्वन्द्व सीमावर्ती क्षेत्रमा असर गरिरहेको पृष्ठभूमिमा नयाँ सरकार गठन भएको हो । बङ्गलादेशमा म्यान्माबाट भागेका १० लाखभन्दा बढी रोहिङ्ग्या शरणार्थी आश्रित छन् ।

विदेश मन्त्रालयको जिम्मेवारी अनुभवी कूटनीतिज्ञ खलीलुर रहमानलाई दिइएको छ । संयुक्त राष्ट्रसङ्घका पूर्वअधिकारी रहनुभएका उहाँले ढाका र संयुक्त राज्य अमेरिकाका विश्वविद्यालयबाट अध्ययन गर्नुभएको छ । कार्यवाहक सरकारको समयमा उहाँले सुरक्षा विभाग सम्हाल्नुभएको थियो र संयुक्त राज्य अमेरिकासँग व्यापार वार्तामा सहकार्य गर्नुभएको थियो । छिमेकी भारतसँग सम्बन्धमा देखिएको तिक्तता र पाकिस्तानसँग बढ्दो सम्पर्कबिच क्षेत्रीय सन्तुलन कायम राख्नु उहाँको प्रमुख चुनौती हुनेछ । भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करले आफ्ना समकक्षीलाई बधाई दिँदै दुई देशबिच सहयोग अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री रहमानले बुधबार आफ्नो पहिलो मन्त्रिपरिषद् बैठकको अध्यक्षता गर्ने अपेक्षा गरिएको छ । मन्त्रिपरिषद्मा दिग्गज राजनीतिज्ञ, पूर्वमन्त्री, सांसद, शिक्षाविद् तथा विभिन्न पार्टी कार्यकर्ता समेटिएका छन् । नयाँ सरकार गठनसँगै अर्थतन्त्र पुनरुत्थान, सामाजिक सद्भाव सुदृढीकरण र क्षेत्रीय सम्बन्ध सन्तुलनमा राख्ने कार्यभार औपचारिक रूपमा अघि बढेको छ ।

तनाव व्यवस्थापनका तरिका

❖नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
❖परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
❖पर्याप्त निन्द्रा र आराम गरौं।
❖स्वस्थ र सन्तुलित खाना खाने गरौं।
❖आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
❖काम र विश्रामबीचको सन्तूलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना



जन्म
१९९८।०७।०६

निधन
२०८२।११।०१

यस कोषका सल्लाहकार रामप्रसाद शाहीका पूजनीय पिता **तुल्सी शाही**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा)को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**श्री नवदुर्गा कोष**
गोल्मढी-७ भक्तपुर

हार्दिक समवेदना



जन्म
२०२७।०६।०६

निधन
२०८२।१०।२४

हाम्रा आत्मीय एवम् मिलनसार मित्र सङ्गीता जोशीका पति **जीवनकुमार जोशी**को असामयिक निधन भएको आज १३ औ दिनको पुण्यतिथिमा मृतक आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**एस.एल.सी.२०४९ बासु मा.वि.**

हार्दिक समवेदना



जन्म
२०२७।०६।०६

निधन
२०८२।१०।२४

यस संस्थाका सदस्यता नं. ४२९ का सदस्य **जीवनकुमार जोशी**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**दिगो बचत तथा ऋण सहकारी संस्था लि.**
कमलविनायक-१०, भक्तपुर, फोन नं. ०१-६६१२५७४

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा